# परिच्छेद-एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको विकासक्रमको इतिहासलाई केलाउँदा परापूर्वकालदेखि मानिसहरुले आफूले जानेका ज्ञान, सीप, व्यवहार र सामाजिक मूल्यमान्यतालाई आफ्ना सन्ततीहरुमा हस्तान्तरण गर्दे आएको पाइन्छ । यस्तो हस्तान्तरण गर्ने कार्य घरपरिवार, टोलछिमेक, समुदाय, समाज हुदै अनौपचारिक संघसंस्थाका साथै औपचारिक शिक्षण संघ संस्थाहरुको विकसित हुन पुग्यो । संघसंस्थाहरुलाई कुशलता पूर्वक सञ्चालन गर्नको लागि मानव सभ्यताको थालनी, विकास र विस्तारसँगै व्यवस्थापनको पनि समयसापेक्ष विस्तार हुदै आएको पाइन्छ (वाग्ले र ढकाल, २०५६)।

निश्चयनै सघ सस्थालाई उद्देस्य अनुरुप सञ्चालन गर्नका लागि पनि व्यवस्थापनको खाचो पर्ने हुनाले व्यवस्थापनको पक्षमा विभिन्न योजनाहरु आएका थिए । शैक्षिक व्यवस्थापनलाई सुदृढ एवं प्रभावकारी वनाउँन विभिन्न समयमा गठित आयोग र कार्यदल जस्तै नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११) सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति (२०१८) व्रुनो र कनालको कार्यदल (२०१९) र त्यस्तै राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लगायत अन्य आयोगहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

पौडेल (२०५९) का अनुसार शिक्षा मानव जीवनको महत्वपूर्ण पाटो हो यसले मानिसलाई एक असल एवं कुशल व्यक्तित्व निर्माण गर्नमा सहयोग पुऱ्याउछ । प्राचीनकालदेखि नै मानिसहरुले विभिन्न तरिकावाट शिक्षा प्राप्त गर्दै आएका छन् । प्रारम्भमा शिक्षा हालको जस्तो व्यवस्थित र औपचारिक रुपमा विकास भएको थिएन । त्यस समयमा परिवारको मूल सदस्यवाट आफ्ना सन्ततीहरुलाई शिक्षा दिने गरिन्थ्यो । मानव सभ्यताको विकास सगँसगै मानव समाज जटिल वन्दै गयो भने शिक्षाको आवस्यकता र महत्व पनि वढ्दै गयो । यसका लागि विभिन्न शैक्षिक सस्थाहरुको स्थापना भयो भने ती शैक्षिक सस्थाहरु संञ्चालनका लागि व्यवस्थापन पक्षको आवस्यकता महशुस हुन थाल्यो । त्यसै अनुरुप शिक्षण संस्थाहरुमा व्यवस्थापन समितिको गठन हुने गरेको छ (पौडेल, २०५९) ।

शिक्षा र व्यवस्थापनको पक्षलाई तुलना गरेर हेर्ने हो भने पनि परापूर्वकालमा व्यवस्थापनका सिद्धान्तवाट संघ सस्थाहरुले प्राप्त गरेको सफलतालाई मध्य नजर गरेर नै आधुनिक कालमा पनि त्यसको वैज्ञानिक पक्षलाइ कार्यन्वयनमा ल्याएको पाइन्छ । आधुनिककालमा प्रत्युत्पादन भएका सिद्धान्तहरुले नै प्रशासनिक कार्य सञ्चालनमा सहजता ल्याएको देखिन्छ ।

कोईराला र श्रेष्ठ (२०५९) का अनुसार कुनै पनि संस्थाहरुको उद्देस्य प्राप्ति तथा सर्वाङ्गीण विकासको लागि व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्यवस्थापन भन्नाले निर्धारित उद्देस्यहरु प्राप्तिका लागि योजनावद्ध रुपमा काम गर्ने एक कला हो । व्यवस्थापनको ऐतिहासिक पृष्ठभूमि अनुसार व्यवस्थापनलाई कुनै पनि संघसंस्थाको मेरुदण्डको रुपमा लिइन्छ । जसको माध्यमवाट संघ सस्थाले निर्धारित लक्ष्य सफलताका साथ पूरा गर्न सक्छ । इतिहासको कुरा गर्दा प्राचीन रोम र इजिप्टको विकासमा, अलेक्जेण्डरको सैनिक प्रशासनमा, सुमेरियन सभ्यताको इतिहासमा र चीनको इतिहासमा समेत व्यवस्थापन प्रक्रियाको प्रयोग भएका पाइन्छ । प्लेटो (३५० वी.सी.) र सुकरात (४०० वी.सी) जस्ता दार्शनिकले कार्य विशिष्टीकरण र व्यवस्थापनको प्रक्रिया उल्लेख गरेका थिए  त्यसै गरी अठारौं शताव्दीदेखि अध्ययन कार्यमा आएको व्यवस्थापन आधुनिक कालमा आएर बिभिन्न सिद्धान्तहरुको रुपमा अगाडि वढ्ने मौका पाएको देखिन्छ । व्यवस्थापनका सिद्धान्तहरुमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, व्यवस्थापनको प्रशासनिक सिद्धान्त कर्मचारीतन्त्र, व्यवस्थापनका सिद्धान्त, मानव सम्वन्ध सिद्धान्त, व्यवहारवादी सिद्धान्त, व्यवस्थापन विज्ञान  सिद्धान्त, कार्यकुशल व्यवस्थापन सिद्धान्त आदिलाई लिन सकिन्छ भने व्यवस्थापनको पिताको रुपमा F.W.Tayler (१८५६-१९१७) लाई मानिन्छ । संगठनमा कार्यरत व्यक्तिहरुसँग मिलेर कार्य गरि सन्तोषजनक सफलता प्राप्त गर्ने कला व्यवस्थापन भएकाले प्रशासक, शिक्षक वा संस्था प्रमुखले आफ्नो कामको लागि धेरै व्यक्तिहरुवाट सहकारिता सहभागिता र संलग्नता प्राप्त गर्न सक्नुपर्छ । व्यवस्थापन एउटा सामाजिक प्रकृया भएकाले यसवाट निर्धारित लक्ष्य प्रभावपूर्ण तरिकाले प्राप्त गर्न सक्नुपर्छ । मानव संगठनको संगठनात्मक कार्य सम्पादनलाई वढी भन्दा वढी प्रभावकारी वनाउँन व्यवस्थापनको भूमिका महत्वपूर्ण हुन्छ । व्यवस्थापन एक यस्तो वातावरण तयार गर्ने कला हो जसमा व्यक्तिले अलग अलग पनि कार्य गर्न सक्दछ र समूहको लक्ष्य प्राप्त गर्नको लागि पनि सहयोग गर्दछ (कोईराला र श्रेष्ठ, २०५९)।

यसरी समग्र रुपमा व्यवस्थापन भित्र शैक्षिक व्यवस्थापन आर्थिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, भौतिक व्यवस्थापन, मानव संसाधन व्यवस्थापन आदि विषयवस्तुहरु समावेश भएका

हुन्छन् । व्यवस्थापन भित्र  यी विभिन्न विषय वस्तुहरु समावेश हुने भएता पनि यस अध्ययनमा शैक्षिक व्यवस्थापनका विविध पक्षहरुलाई समेटने प्रयास गरिएको छ ।

अधिकारी (२०६२) का अनुसार शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरुलाई सफलतापूर्वक सञ्चालन गर्ने गराउने एउटा प्रकृया हो । यसभित्र शिक्षण एवं सिकाईमा आधारित लक्ष्य तथा तिनीहरुको विकासमा सहयोग गर्ने शिक्षण सिकाईको उपयुक्त कार्यक्रमको तर्जुमा, सञ्चालन र व्यवस्थापन गरिएको हुन्छ (अधिकारी,२०६२) । शैक्षिक कृयाकलापहरु सञ्चालन गर्न र समग्र रुपमा शिक्षाको व्यवस्थापन गर्नका लागि शैक्षिक व्यवस्थापन हुनु आवश्यक छ तर कसरी कार्यक्रमको तर्जुमा गर्ने भन्ने वारेमा प्रक्रियागत खाकाको खाचो पर्दछ । शिक्षण सिकाईवाट शैक्षिक उपलव्धी उच्च होस् भन्नका लागि त्यस्ता प्रक्रियाको आवश्यकता पर्नु स्वाभाविक हो ।

शर्मा (२०६२) का अनुसार शिक्षण सिकाईको सन्दर्भमा पनि व्यवस्थापन त्यतिकै महत्वपूर्ण छ । योजना, संगठन, नियुक्ति, नियन्त्रणको प्रभावकारितामा मौलिक उद्देश्य प्राप्त गर्न एक प्रक्रियाको रुपमा रहेको व्यवस्थापनलाई शैक्षिक व्यवस्थापन भनिन्छ । खासगरी शैक्षिक व्यवस्थापन भनेको कार्यकताहरुका प्रयासमा सामञ्जस्य स्थापित गर्नु र उपयुक्त सामाग्रीहरुलाई मानवीय गुणको बिकास हुने गरि परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभै वयस्क र विशेषगरी विद्यालयका कार्यकर्ताहरुको बिकासमा चासो राख्दछ (शर्मा,२०६२)।

शैक्षिक व्यवस्थापन भनेको शिक्षण सिकाई कृयाकलापलाई प्रभावकारी एवं सफलता पूर्वक सञ्चालन गर्ने प्रकृया हो । जसमा शैक्षिक उपलव्धीहरु हासिल गर्न र उद्देस्यहरु पूरा गर्न विभिन्न योजना तर्जुमा गरिएको हुन्छ । त्यसैले शैक्षिक व्यवस्थापले समग्र रुपमा शिक्षाको व्यवस्थापनलाई वुझाउछ । शैक्षिक व्यवस्थापनको विकासक्रमलाई हेर्दा सन् १९०० तिर लाई लिन सकिन्छ । त्यतिवेला शिक्षामा वैज्ञानिक अनुसन्धान कार्यको प्रयोगको पनि शुरुवात भएको थियो । शैक्षिक व्यवस्थापनको मध्यकाल सन् १९०० देखि १९७० लाई मानिन्छ । सन् १९४० देखि १९५० तिर शैक्षिक प्रशासन प्रजातान्त्रिक ढंगले चल्नुपर्छ भन्ने मान्यताको बिकास भयो तर क्रमश शिक्षामा व्यावहारिक सिद्धान्तको समेत प्रयोग भई आधुनिक विकास र व्यवस्थापनको लागि मार्ग प्रशस्त भयो । नेपालको सन्दर्भमा शैक्षिक व्यवस्थापनको इतिहासलाई हेर्दा वि.स. १९१० सालमा जंगवहादुर राणाले स्थापना गरेको दरवार स्कुललाई लिन सकिन्छ । त्यसपछि वि.स १९४३ सालमा रानीपोखरी पाठशालामा अध्ययन गर्ने छात्रहरुलाई छात्रावासको व्यवस्था गरि वीर शम्शेरको प्रयास थोरै नै भएपनि व्यवस्थापनतिर ध्यान दिन खोजेको देखिन्छ । नेपालको शैक्षिक व्यवस्थापनको

एउटा पक्ष विद्यालय निरीक्षणको व्यवस्था पनि एक हो । जसको शुरुवात वि.स. १९९८ मा चिफ इन्स्पेक्टर अफ स्कूल अफिसको स्थापना भएको हो । यसै संदर्भमा वि.स. २००४ सालमा पूर्वमा जनकपुर र पश्चिममा पाल्पा, तान्सेनमा डेपुटी इन्स्पेक्टर अफ स्कूल अफिस खडा भयो ।(निरीक्षण निर्देशिका २०४९) नेपालमा २०४७ सालको राजनीतिक परिवर्तन पछि भएको वढ्दो विद्यालय संस्थालाई ध्यानमा राखी वि.सं. २०१० मा देशलाई ७ क्षेत्रमा वाँडी ७ वटा डिभिजनल इन्स्पेक्टर अफ स्कुल अफिस स्थापना भयो भने २०१८ सालमा देशलाई १४ अंचल र ७५ जिल्लामा विभाजन गरियो । सो अनुसार १४ वटा अंचल शिक्षा अधिकारी कार्यालय र ७५ वटा जिल्ला शिक्षा निरीक्षक कार्यालयहरुको स्थापना भयो । त्यसरी नै २०२७ सालमा अंचल शिक्षा अधिकारी कार्यालय हटाई २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी कार्यालयको गठन शैक्षिक स्थापनालाई मजवुत वनाउँने प्रयास गरियो (कोईराला र श्रेष्ठ, २०५९) ।

शैक्षिक विकाशका लागि तात्कालिन सरकारले समय अनुकुल सुधार गर्दै गएको पाइन्छ । विना कक्षाकोठाको व्यवस्थापनवाट शिक्षण सिकाइ प्रभावकारी नहुने हुँनाले सरकारले कक्षाकोठाको व्यवस्थापनकालागि ध्यान दिएको पाइन्छ । खुला चौर वा रुखको छहारीमा पढ्दा हावा, पानी, तापक्रमले समेत शिक्षणमा प्रभाव पार्ने हुनाले र वाहिर देखिने अन्य दृश्यहरु जसले विद्यार्थी तथा शिक्षकको ध्यानलाई विषयवस्तु भन्दा वाहिर विचलन गरिदिने हुनाले पनि कक्षाकोठाको व्यवस्थापनका वारेमा यस्ता धारणहरु आएका हुन सक्छन् ।

सुवेदी (२०६२) का अनुसार कक्षाकोठा व्यवस्थापनको अवधारणा आउनुमा कक्षाकोठाको भौतिक प्रकृतिले शिक्षण सिकाईलाई प्रभाव पार्ने हुनाले नै आएको हो । हाम्रा पाठ्य सामाग्रीहरुले यस संसारका बृहत विषयवस्तुलाई समेटेको छ, जसले गर्दा कोठामा वाहिरिको तुलनामा विषयवस्तुमा ध्यान एकनास रहने र शिक्षण सिकाईको कुरा नियन्त्रित वातावरणमा सिकिने हुँदा कक्षाकोठा आवश्यक हुन गएको हो । कक्षाकोठा वाहिरी खुला ठाउँको तुलनामा एउटा नियन्त्रित तथा तापक्रम एवं अन्य कुराहरु एकनास भएको कक्षाकोठामा शिक्षण वढी प्रभावकारी त हुन्छ नै तथापि कोठाको व्यवस्थापन राम्रो हुन नसकेको खण्डमा पठन पाठनमा प्रत्यक्ष असर पुऱ्याउँदछ । कक्षाकोठाको उपयुक्त व्यवस्थापनले पठनपाठनमा धेरै महत्व राख्दछ (सुवेदी, २०६२)।

आधुनिक मान्यता अनुसार शिक्षण कार्य गराउँदा शिक्षक र विद्यार्थी वीच दोहोरो संचार र वास्तविक संचार भएको हुनुपर्छ यस्तो शिक्षणमा पृष्ठपोषण समेत दिने कार्य हुन्छ । सन्देश वुझिएन भनेपनि त्यहाँ प्रभावकारी संचार हुदैन । सूचनापाटीमा सूचना टाँस गर्दैमा दोहोरो संचार

भयो भन्न मिल्दैन । शिक्षणमा पनि शिक्षकले गरेको शिक्षण जवसम्म विद्यार्थीले ग्रहण गर्दैनन, त्यस अवस्थामा शिक्षण प्रभावकारी वन्दैन यसरी शिक्षणलाई प्रभावकारी संचारको रुपमा रुपान्तरण गर्नको लागि पनि उचित शिक्षण विधि अपनाउनु पर्दछ । गुणस्तरयुक्त शिक्षण सिकाईकोलागि अनुकुल वातावरण निर्माण गर्नु पर्दछ । त्यस वातावरण सुहाउदो शिक्षणविधि प्रयोग गरेमा कक्षाकोठालाई नियन्त्रण गर्न सकिन्छ । कक्षाकोठाको वातावरणलाई व्यवस्थित रुपमा राखेमा अपेक्षाकृत उपलब्धी हासिल हुन सक्दछ (सिंह, २०६२) ।

विद्यार्थीहरुको सिकाई वातावरणलाई कक्षाकोठा व्यवस्थापनले उल्लेखनीय रुपमा प्रभाव पारेको हुन्छ । कक्षाकोठाभित्र नै शिक्षण सिकाई क्रियाकलाप हुने भएकोले कक्षाकोठाको वातावरण रोचक तथा उत्साहपूर्ण हुनु पर्दछ । यसका लागि कक्षाकोठा आकर्षक, सुविधायुक्त र सफा हुनुपर्दछ । यसो भएमा कक्षाकोठामा रहँदा विद्यार्थीहरु रमाइलो मान्छन् र शिक्षण सिकाई क्रियाकलाप सजिलो तथा प्रभावकारी हुन्छ । राम्रो वातावरणमा काम गर्ने वा गराउनुलाई व्यवस्थापन भन्ने गरिन्छ । यसरी हेर्दा निर्धारित लक्ष्यहरु प्राप्तिका लागि आवश्यक साधनहरुको संकलन गरि व्यवस्थित ढंगवाट समन्वय र परिचालन गर्ने प्रक्रियालाई व्यवस्थापन भनिन्छ । शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उचित कक्षाकोठा व्यवस्थापनको अभावमा प्रभावकारी रुपले शैक्षणिक क्रियाकलाप सञ्चालन गर्न कठिन हुन्छ । प्रभावकारी सिकाइका लागि कक्षाकोठाको व्यवस्थापनमा ध्यान दिनु जरुरी छ ।

पन्थ (२०६३) का अनुसार प्रभावकारी सिकाइ नहुँदा उद्देश्य वा उपलब्धि प्राप्त हुने संभावना अत्यन्तै कम हुन्छ । शिक्षा वा सिकाइको महत्वपूर्ण आधार कक्षाकोठा हो तसर्थ कक्षाकोठाको व्यवस्थापन जरुरी हुन्छ । शैक्षिक उद्देश्यहरुको प्राप्तिको निम्ति समूह र कक्षाकोठाको आन्तरिक वातावरण निर्माण गर्ने प्रक्रियालाई कक्षा व्यवस्थापन भनिन्छ । कक्षाकोठाको व्यवस्थापन भनेको कक्षाको भौतिक एवं मानवीय सम्वन्ध उपयुक्त हुनु हो । कक्षाकोठाको वनोट, नाप, हावा, प्रकाश, फर्निचर, सामग्री, वसाई व्यवस्थापन, सामूहिक सम्वन्ध आदि तत्वहरु कक्षाकोठाको व्यवस्थापन अन्तर्गत पर्दछन् । कक्षा शिक्षणमा शिक्षण सिकाइका लागि उपयुक्त वातावरण सिर्जना गर्नु कक्षा व्यवस्थापन हो । यसले अनुशासन र कक्षा नियन्त्रण गराउन सहयोग हुन्छ । शिक्षण सिकाइको क्रममा कक्षाको सिकारुको आकार, सिकारुहरुको उमेर, पृष्ठभूमि, समूहवीचको परस्पर सम्वन्ध विषयवस्तुको प्रकृति, संगठन, स्थान स्रोत एवं सुबिधाले प्रत्यक्ष रुपमा कक्षा व्यवस्थापनलाई प्रभावित गराउँछन् । अत : कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकूल वातावरणको सिर्जना गर्नु भौतिक, व्यवस्थापन, सामग्री व्यवस्थापन र सिकारु क्रियाकलाप केन्द्रीत

व्यवस्थापनको आवश्यकता पर्दछ । कक्षाकोठा व्यवस्थापनमा खासगरी कक्षाकोठाको वातावरण, कक्षाको भौतिक अवस्था, वसाई व्यवस्था, कक्षा सञ्चालनको तालिका सामग्री व्यवस्था, समूह व्यवस्थापन जस्ता महत्वपूर्ण पक्षहरु रहेका हुन्छन् (पन्थ,२०६३)।

यसरी कुनै पनि संघ सस्थाको निर्धारित उद्देश्यहरु प्राप्तिका लागि त्यसको व्यवस्थापन पक्षलाई महत्वपूर्ण मानिन्छ । व्यवस्थापन एक निश्चित प्रकृया कार्यमुखी पद्धति पेशागत कार्य र सामूहिक कार्य हो भने जसमा योजना संगठन, कार्यन्वयन, नियन्त्रण र समन्वय जस्ता पक्षहरु समावेस भएका हुन्छन् । शैक्षिक प्रशासन सवल र सक्षम भएमा कक्षाकोठा व्यवस्थित हुने र त्यसको प्रभाव शिक्षण सिकाइमा पर्ने हुनाले विद्यालयको शैक्षिक प्रशासनलाई समेत महत्व दिनु पर्दछ ।

सप्तगण्डकी मुख पत्र (२०६३) मा उल्लेख भए अनुसार विद्यालय पनि एउटा शैक्षिक सस्था भएको हुनाले यसको शैक्षिक प्रगतिको लागि विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसमा संस्थागत र सामुदायिक विद्यालयका व्यवस्थापन पक्षहरुले शिक्षण सिकाई क्रियाकलापमा आ-आफ्नै किसिमवाट व्यवस्थापनको भूमिका निर्वाह गरेका हुन्छन् । संस्थागत विद्यालय व्यवस्थापन समितिमा प्रायः लगानीकर्ता वा संस्थापक नै हुने हुँदा आफ्नो लगानी उठाउनकोलागि उनीहरु सक्रियरुपमा व्यवस्थापनमा लाग्ने र सामुदायिक विद्यालयहरुको व्यवस्थापन समितिमा राजनैतिक व्यक्तिहरुको संलग्नताले समितिको निर्णय प्रकृयामा अवरोध आउने गरेको पाइन्छ । साथै सवै अभिभावकहरु साक्षर र कृयाशील नहुने हुँदा ती पक्षहरुका सवै काम प्र.अ.ले मात्र गर्नु पर्ने हुँदा व्यवस्थापन पक्ष निस्कृय हुने गरेको पाइन्छ (सप्तगण्डकी, २०६३) ।

वर्तमान परिवेशमा शिक्षाका क्षेत्रहरु लाई समय, समाज र देशको आवश्यकता अनुसार परिस्कृत वनाउनको लागि विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ । वि.स.२०४६ सालमा भएका प्रजातन्त्रको पुनर्स्थापना र २०६२/०६३ मा भएको लोकतान्त्रिक आन्दोलनले आज शिक्षामा सवैको पहुँच रहेको हाम्रो सामु स्पष्ट छ । यस्तो अवस्थामा शिक्षालाई कार्यान्वयन गर्ने थलोको रुपमा विद्यालयको व्यवस्थापन र अझ विशेषगरी कक्षाकोठाको व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । तसर्थ संस्थागत र सामुदायिक विद्यालयमाथि गरिएको विद्यालय व्यवस्थापन र कक्षाको व्यवस्थापन सम्वन्धी अध्ययन र अनुसन्धानले आज यस क्षेत्रलाई छुट्टै दिशा-निर्देश प्राप्त भएको छ । यिनै संस्थाहरु माथि अध्ययन गर्न विदेशी संघसंस्थादेखि स्वदेशी संघसंस्थाहरु लागिपरेको देखिन्छ भने आजकल विश्वविद्यालयले पनि यसै विषयलाई लिएर छुट्टै अध्ययन अनुसन्धान गरेको पाइन्छ । फलस्वरुप संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन सर्न्दभमा

थुप्रै तथ्यहरु पत्रिकाहरु, पुस्तकहरु र अन्य माध्यमवाट जानकारी प्रदान गर्दै आएको छ । पुरानो इतिहासमा नभेटिएका वास्तविक तथ्यहरु एकपछि अर्को रुपमा निस्किरहेको पाइन्छ । संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन र कक्षाकोठा व्यवस्थापनको सन्दर्भमा पनि नियमित रुपले केही तथ्य एवं जानकारीहरु क्रमश देखापर्न थालेका छन् ।

विभिन्न अध्ययन अनुन्धानको आधारमा नेपलका सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थानमा भिन्नता भएको पाइन्छ । जसबाट शौक्षिक उपलब्धिहरु पनि फरक फरक हुने गरेको छ । जसमा संस्थागत विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन सबल रुपमा हुने गरेको पाइन्छ भने सामुदाायिक विद्यालयहरुमा त्यसको उचित व्यवस्थापन हुन सकेको पाइदैन । त्यसैले सामुदायिक तथा संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापनमा रहेको असमानताको बारेमा आफ्नो शोधपत्र प्रस्तुत गर्न सान्दर्भिक ठानेको छु ।

## १.२ समस्याको कथन

कुनै पनि सस्थाको व्यवस्थापनपक्षलाई संघ संस्थाको मेरुदण्डको रुपमा लिइन्छ । व्यवस्थापनको अभावमा संघसंस्थाले निर्दिष्ट लक्ष्य हाँसिल गर्न सक्दैन । नेपालको सन्दर्भमा विभिन्न शैक्षिक सस्थाहरु व्यवस्थापकीय कमि कमजोरीका कारण शैक्षिक अपलव्धीहरु प्राप्त हुन सकेका छैनन् । सामुदायिक र संस्थागत विद्यालयहरुको व्यवस्थापकीय पक्षमा भिन्नता पाईन्छ । विशेष गरी सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, आर्थिक, र शिक्षक व्यवस्थापन आदि पक्षको कमजोरीको कारणले गर्दा शिक्षण सिकाई उपलव्धी र शैक्षिक गुणस्तर न्यून रहेको आजको यथार्थ हो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत शैक्षिक संस्थाहरुको वजार वृद्धि हुनुमा व्यवस्थापन पक्षलाई लिन सकिन्छ । शैक्षिक व्यवस्थापन कुशल भएमा गुणस्तर शिक्षण सिकाईमा सहयोग पुग्दछ र अपेक्षाकृत उपलव्धी हासिल हुन्छ । यस अनुसन्धानमा विशेषगरी कक्षाकोठामा शिक्षण गर्दा प्रयोग गरिने विभिन्न अवस्थाहरु पहिचान गरी संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा शिक्षणको तुलना गर्ने प्रयास गरिएको छ । साथै कक्षा कोठा शिक्षण गर्दा पर्ने समस्याहरुको वारेमा पनि खोज गर्ने प्रयास गरिएको छ ।

नेपाल सरकारले आ.व. २०६४-०६५का लागि विनियोजित वार्षिक वजेट मध्ये करिव १७ प्रतिशत रकम शिक्षामा लगानी गरेको छ जस मध्ये ठूलो हिस्सा सामुदायिक विद्यालयको सञ्चालनमा खर्चने गरेको छ । सरकारवाट नियमित रुपमा अनुदान पाउँने गरी अनुमति वा स्विकृति प्राप्त

सामुदायिक विद्यालयहरुको SLC तहको शैक्षिक उपलव्धीलाई विष्लेषण गर्ने हो भने ती विद्यालयहरुको शैक्षिक गुणस्तर कमजोर पाइन्छ । शिक्षाको जगको रुपमा लिएको प्राथमिक विद्यालयका विद्यार्थीहरुको ज्ञान, सिप र दक्षताले नै दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्न टेवा पुग्दछ । त्यसैगरी निजी श्रोतमा संचालित सरकारवाट नियमित रुपमा अनुदान नपाउँने संस्थागत विद्यालयहरुको शैक्षिक उपलव्धी भने सामुदायिक विद्यालयको भन्दा उच्च रहेको पाइन्छ । यसरी सामुदायिक र संस्थागत विद्यालयहरुको शैक्षिक उपलव्धी फरक फरक हुनमा प्रमुख कारण के के हुन भन्ने विषय वर्तमान अवस्थामा सान्दर्भिक देखिन्छ ।  के शैक्षिक व्यवस्थापन कंजोर भएको कारणले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्केको हो त? व्यवस्थापकीय कमजोरीका कारण सामुदायिक विद्यालयहरुको आकर्षण घटेको हो त ? संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन के सक्षम भएको कारणले शैक्षिक उपलव्धी उच्च भएको होला त ? किन संस्थागत विद्यालयमा अभिभावकहरुको चासो वढी देखिन्छ ? कक्षा कोठा व्यवस्थापन सामुदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयहरुको उपयुक्त भएर शैक्षिक उपलव्धी पनि वढेको होला त ? सामुदायिक तथा सस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनको वारेमा अनुसन्धान गरी के कस्ता चुनैतिहरु रहेका छन् भन्नका लागि यो अध्ययन गरिएको हो

## १.३ अध्ययनको औचित्य

कुनै पनि विषयको अध्ययन अनुसन्धानको आ-आफ्नै औचित्य रहेको हुन्छ । यसै सन्दर्भमा संस्थागत र सामुदायिक माध्यमिक विद्यालयको अध्ययनले विशेष आफ्नै महत्व राखेको छ । यसको अनुसन्धानवाट कक्षा शिक्षण गर्दा व्यवस्थापनमा परेको समस्याको स्थिति पहिचान गर्ने, तुलना गर्ने र शिक्षणमा देखापरेका समस्याहरु उपर सुझावहरु दिन यस अध्ययनको औचित्य मान्न सकिन्छ ।

शिक्षा नियमावलीमा विद्यालयको वर्गीकरण र कक्षाकोठा व्यवस्थापनको वारेमा प्रस्ट उल्लेख छ । सामुदायिक र संस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनमा विविधता भए नभएको र त्यसमा भएका समस्याहरु पहिचान गरी निराकरणका उपायहरु देखाई शैक्षिक उपलव्धिमा वृद्धि गर्न सकिन्छ भन्ने लागेकाले शोध कर्तावाट यो विषयको अध्ययन गरिएको हो । साथै यस अनुसन्धानले शिक्षक विद्यार्थी अभिभावक लगायत अन्य सरोकारवाला र यसको अध्ययन गर्ने जोसुकैलाई पनि कक्षाकोठामा गुणस्तरीय शिक्षा शिक्षणमा प्रयोग गरिने व्यवस्थापन पक्षमा धेरथोर जानकारी पुऱ्याई सहयोग पुऱ्याउँछ । यस अध्ययनवाट कक्षाकोठा व्यवस्थापन सम्वन्धी थप सुधार ल्याउनमा मद्दत

पुग्नेछ । शिक्षण सिकाईको क्रममा सिकाईलाई दीर्घकालीन बनाउन विद्यार्थी केन्द्रित विधि, शैक्षिक सामग्री निर्माण, प्रयोग र प्रदर्शन आदि वारेमा समेत महत्वपूर्ण भूमिका हुने हुँदा त्यसतर्फ ध्यान दिएर शिक्षण सिकाई क्रियाकलापलाई अगाडि वढाउन यसले प्रेरणा दिने छ । यस अध्ययनले गुणस्तरीय शिक्षण सिकाई क्रियाकलापमा आवश्यक सहयोग पुऱ्याउने सोच राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अनुसन्धानका उद्देश्यहरु निम्नानुसार राखिएको छ ।

क) संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनका पक्षहरु पहिचान गर्ने ।

ख) सामुदायिक र संस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनको तुलना गर्ने ।

ग) संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखा परेका चुनैतीहरुका लागि समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क) सामुदायिक र संस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थापन राम्रो छ ?

ख) सामुदायिक र संस्थागत विद्यालयहरुका कक्षाकोठा व्यवस्थापनमा के कस्ता चुनौतीहरु रहेका छन ?

ग) सस्थागत र सामुदायिक विद्यालयका शिक्षण सिकाई क्रियाकलापको क्रममा कक्षाकोठा व्यवस्थापनका कारणवाट देखापरेका चुनौतीहरु उपर केकस्ता उपायहरु हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन अनुसन्धानको सिलसिलामा विभिन्न वाधा व्यवधानहरु आउँन सक्छन् । यो स्वभाविक पनि हो । यस अध्ययन अनुसन्धानमा पनि अध्ययनमा निर्धारित अद्देश्यहरु पूरा गर्न सिमित स्रोत, साधन र समयको परिधि भित्र रहेर यस अध्ययन गरिएको हुँदा शैक्षिक व्यवस्थापन अन्तर्गत विभिन्न पक्षहरु समावेश हुने भएता पनि यस अध्ययनमा कक्षाकोठा व्यवस्थापनलाई मात्र समावेश गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा शिक्षणमा कक्षाकोठा व्यवस्थापनको स्थिति तुलना गर्न शिक्षण विधि र शैक्षिक सामाग्रीको प्रयोगहरुमा देखापरेका समस्याहरुको वारेमा अनुसन्धान गर्न चितवन जिल्ला भरतपुर नगर क्षेत्रका सम्पूर्ण संस्थागत र सामुदायिक प्राथमिक

विद्यालयहरु मध्येवाट दुई-दुई वटा विद्यालयहरु छनौट गरिएको छ । विद्यालयको छनौट स्रोत केन्द्र लंकुमा समावेश भएका विद्यालयहरुवाट लिईने छ । यस अध्ययनको छनौटमा परेका विद्यालयहरुवाट प्र.अ., व्यवस्थापन समितिका पदाधिकारी तथा समुदायका व्यक्तित्वहरुसँग शिक्षकहरुसँग, विद्यार्थीहरुविच समुह छलफल र कक्षा अवलोकनवाट तथ्याङ्क लिईएको छ । यस

**१.७ अध्ययनमा प्रयोग गरिएका पदावलीको परिभाषा**

यस अध्ययन अनुसन्धानमा प्रयोग गरिएका केही पदावलीहरुको व्याख्या यस प्रकार गरिएको छ ।

सामुदायिक विद्यालय :- नेपाल सरकारवाट नियमित रुपमा अनुदान प्राप्त गरेका र अनुदान प्राप्त गर्ने आशामा रहेका विद्यालयहरुलाई सामुदायिक विद्यालय भनिन्छ ।

संस्थागत विद्यालय :- नेपाल सरकार वाट नियमितरुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ ।

कक्षाकोठा व्यवस्थापनः- उचित किसिमको कक्षाकोठामा राखिएका भौतिक सामाग्रीहरु लगायत सम्पूर्ण शैक्षिक सामाग्रीहरु मिलाएर राख्नुलाई कक्षकोठाको व्यवस्थापन भनिन्छ ।

गुणस्तरीय शिक्षा :- गुणस्तरको अवधारणालाई केलाएर हेर्दा राम्रो स्तरको हुनुलाई गुणस्तर भनिन्छ । गुणस्तरीय शिक्षा भन्नाले जीवन उपयोगी व्यावहारिक अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षालाई भन्ने गरिन्छ ।

व्यवस्थापन समिति :- विद्यालयको रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा गठित समितिलाई व्यवस्थापन समिति भनिन्छ ।

शिक्षक :- शिक्षक भन्नाले संस्थागत तथा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिकालाई भनिन्छ ।

विद्यार्थी :- विद्यार्थी भन्नाले संस्थागत तथा सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्र र छात्रालाई सम्झनु पर्दछ ।

# परिच्छेद-दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सैद्धान्तिक खाका

कक्षाकोठा व्यवस्थापन आफैमा महत्वपूर्ण पक्ष हो, यो शिक्षण सिकाइलाई व्यवस्थित वनाउने महत्वपूर्ण स्थल भएको हुँदा यसलाई हामीले नकार्नु हुँदैन । एकै चोटि हाम्रो जस्तो विकासोन्मुख देशले सवैकुरा व्यवस्थापन गर्न नसक्ने कुरा आफ्नो ठाउँमा छ तर त्यसैलाई मनमा राखेर काम पन्छाउने प्रकृति पनि ठीक हैन । यसर्थ विषय पाठसँग मिल्दो कक्षाको व्यवस्थापन, र त्यसका लागि वार्षिक कार्ययोजनाको निर्माण गरिनु पर्दछ र उक्त कार्ययोजना मुताविक प्रयोग गर्दै जानु पर्दछ । वार्षिक कार्ययोजना वनाउँदा योजना पूरा गराउने साधन स्रोत एवं उपलब्धता र त्यसको संचालन प्रक्रिया र निर्माणमा ध्यान दिनुपर्दछ जसले गर्दा भावी रणनीति प्रष्ट हुनगई विद्यालयका क्रियाकलाप जो विषय एवं पाठलाई सहयोग पुऱ्याउने खालका हुन्छन् तिनीहरुलाई वृहत ढंगले सोचेर पाठ्यसामग्रीले हाँसिल गराउन खोजेको ज्ञानलाई वार्षिक योजनाको निर्माण र प्रयोगद्धारा सहज हुन जान्छ ।  मान्छेहरु भन्ने गर्छन चाहे कवितामा होस या आफ्नो लेखमा म वजारको भीडमा छु तथापी हराएको छु अनि एकान्तमा छु तथापी सवैसँग छु यसो भन्नु के हो गहन रुपमा मान्छेहरुको भीडमा पनि उस्को मनले एक्लो ठान्यो आफुलाई तर देख्नेले त धेरै मान्छेहरुको भीडमा पनि उस्को मनले एक्लो ठान्यो आफुलाई तर देख्नेले त धेरै मान्छेहरु उ छ हराएको छैन, टाढा र एक्लै वसिरहेको देखिन्छ भौतिक रुपमा तर उ भन्छ म सवैसँग छु उसको मनले आफूसँग सवै मित्रहरु भएको महशुस गरिरहेको छ । यो कसरी हुन्छ ? किनकि उ भित्र उव्जने अन्तर मनका विचारले व्यक्तिलाई नियन्त्रित निर्देशित गरिरहेको हुन्छ । यसकारण कक्षाकोठाको व्यवस्थापन यस्तो हुनुपर्दछ, त्यहाँको व्यवस्थापनका हरेक भौतिक, अभौतिक सामग्रीहरुले विद्यार्थीको मनलाई भनौ ध्यानलाई विषयवस्तुमा तल्लीन गराओस् । पढाउने शिक्षक उभिदा पनि खास खास ठाउँमा उभिनुपर्छ जसले कसैलाई मनोवैज्ञानिक रुपमा असर नपारोस् । कक्षाकोठाको व्यवस्थापनमा पछि आएर वस्ने विद्यार्थी र शिक्षकको आशन व्यवस्था पनि महत्वपूर्ण हुन्छ, शिक्षकको स्वरको उतारचढाव (भोल्युम) पनि ठीक हुनुपर्दछ । कुनै विद्यार्थीलाई माया देखाएर अर्कोलाई मनोवैज्ञानिक रुपमा तल भएको भान पार्ने वातावरणको सृजना थाहा नपाई गरिएको हुनसक्छ त्यसो गर्नु हुदैन (सुवेदी,२०६२) ।

कक्षाकोठामा मानव सम्वन्ध सिद्धान्तको महत्वपूर्ण भूमिका हुने हुँदा यो अध्ययनमा यस सिद्धान्तलाई समावेश गरिएको छ । मानव सम्वन्ध सिद्धान्त सन् १९५० को समयमा प्रचलित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यावहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु बिकसित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव संवन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो र स्तरीय हुनु का साथै उपलव्धीपूर्ण हुने हुनाले यसको विपरीत मानव संवन्ध नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने हुनाले यस सिद्धान्तले धेरैको मन छुन थालेको पाइन्छ । यस सिद्धान्तलाई Interpersonal Behaviour पनि भनिन्छ । George Elton Mayo (1880-1949), Mary Parker Follet (1868-1933), Abraham Maslow (1943) मानव संवन्ध सिद्धान्तका सिद्धान्तकारहरु हुन (कोइराला, २०५९) ।

काफ्ले र अन्य (२०६२)का अनुसार मानव संवन्ध सिद्धान्तले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव संवन्ध भन्नाले मानिसलाई मानिसको जस्तो व्यवहार गर्नुपर्छ । मानिसलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्ति जस्तो रुपमा लिनु हुँदैन । यसमा आफ्नो वेग्लै प्रकारको मानवीय अस्तित्व छ, भनि मान्नु पर्दछ । मानव संवन्ध यस अर्थमा व्यापक छ, कि यसले एक व्यक्तित्व र अर्को व्यक्तिको व्यक्तित्व संग पारस्परिक संवन्ध हुने सवै सामाजिक विज्ञान हरुको अध्ययन गर्न पनि यसले जोड दिन्छ । यदि सवै व्यक्ति मिलेर उद्धेश्यहरु पूर्ति गर्नु छ भने एकले अर्कोलाई चिन्नै पर्दछ । यस अनुसार मानव संवन्ध यस्तो कला हो जसलाई व्यवस्थापकले वुझेर मात्र व्यवहार गर्नु पर्दछ । जसको अनुभव र प्रयोगलाई  इन्कार गर्न सकिदैन । यसरी सवैलाई कक्षाकोठा व्यवस्थापन संम्लग्न गराएमा कक्षाकोठा व्यवस्थित हुने र शैक्षिक उपलव्धी उच्च रहन सहयोग पुग्दछ (काफ्ले, अन्य २०६२) ।

विद्यालयमा पठनपाठन सुरु हुनुभन्दा पहिले विद्यार्थीहरुले पढ्ने कोठामा आधारभूत आवश्यकताहरुको व्यवस्था गर्ने प्रक्रियालाई नै कक्षाकोठा व्यवस्थापन भनिन्छ । कक्षाकोठा सुविधायुक्त नभएसम्म सिकाई पनि राम्रो हुन नसक्ने भएकाले विद्यार्थी संख्याअनुसारको कक्षाकोठा हुनुपर्दछ । कक्षाकोठा अँध्यारो तथा घाम टल्कने हुनुहुँदैन । कक्षाकोठामा डेस्क, वेञ्च, टेवल, फर्निचर आदिको समुचित व्यवस्था हुनुपर्दछ ।  कालो पाटी सवै विद्यार्थीले देख्ने ठाउँमा उपयुक्त आकारको  हुनुपर्दछ । एउटा कक्षाको आवाजले अर्को कक्षालाई वाधा पुऱ्याउने, पानी चुहिने पनि हुनुहुँदैन । कक्षाकोठा व्यवस्थापन राम्रो भएमा मात्र शिक्षण सिकाई प्रभावकारी हुन्छ । कक्षाकोठा

भौतिक सुविधायुक्त मात्र भएर पुग्दैन । कक्षाभित्र विद्यार्थीहरु अनुशासित, सन्दर्भ सामाग्रीको स्तरअनुरुप व्यवस्था पनि हुनुपर्दछ । कक्षाकोठालाई सजावट गर्न लागि नक्साहरु, चार्ट, ठूला-ठूला व्यक्तिहरुका महानवाणीहरु आदिको प्रयोग गर्नुपर्दछ (अधिकारी र अन्य, २०६१) ।

कक्षाकोठाको व्यवस्थापनवाट शिक्षण सिकाइ उपलब्धीपूर्ण, अपेक्षित, उद्देश्यमूलक र प्रभावकारी हुन्छ । यसर्थ कक्षाकोठामा विषयवस्तुसँग मिल्दो पाठ्यसामग्री चित्र, नक्सा, क्लीपचार्ट, शैक्षिक सामग्री जे छन् तिनीहरुको व्यवस्थापन उचित क्रमवद्ध ढंगले प्रदर्शन भएको खण्डमा शिक्षण सिकाई व्यवस्थित हुन जान्छ । पुस्तकालय आदिको प्रयोग वारे सिकाउनु छ भने त्यही अनुसार पुस्तक छान्न क्याटलक आदि हेर्न सिकाउनु पर्दछ । सोही अनुसारको व्यवस्थापन शिक्षण सिकाईको लागि उपयुक्त मानिन्छ (शर्मा,२०६४) ।

कक्षाकोठा विद्यार्थीहरुले ज्ञान आर्जन गर्ने थलोको नाम हो । शिक्षक, विद्यार्थी र विषयवस्तुमा अन्योन्याश्रित सम्वन्ध स्थापित गर्न शिक्षणको आवश्यकता हुन्छ । शिक्षणका लागि एउटा निश्चित सुव्यवस्थित स्थानको आवश्यकता पर्दछ । निश्चित सुव्यवस्थित स्थान अथवा कक्षाकोठाको अभावमा शिक्षण-सिकाई क्रियाकलाप नै सम्भव हुँदैन र उपलब्धि वा उद्देश्य पनि प्राप्त गर्न सकिदैन । तसर्थ यस्तो महत्वपूर्ण कक्षाकोठाको समुचित व्यवस्थापन हुनु अति जरुरी हुन्छ । कक्षाकोठाभन्दा वाहिर वसेर सिकाइ कार्यमा संलग्न हुने अवसर कमै हुने गर्दछ । कक्षाकोठाको उपयुक्त अवस्थाले शिक्षण सिकाइलाई सरल र सहज वनाउन सहयोग पुऱ्याउँछ । यसरी कक्षाकोठालाई शिक्षण सिकाईका लागि उपयुक्त हुने किसिकले व्यवस्थित गर्नुलाई नै कक्षाकोठाको व्यवस्थापन भन्ने गरिन्छ । अर्को शव्दमा कक्षामा शिक्षण-सिकाईका लागि उपयुक्त वातावरण सिर्जना गर्नु नै कक्षा व्यवस्थापन हो । यस अन्तर्गत कक्षाको वातावरण, भौतिक अवस्था, वसाई व्यवस्था, कक्षा-क्रियाकलापको रुटिनीकरण, सामग्रीको व्यवस्थापन, विद्यार्थीको समूह व्यवस्था, सम्भार आदि तत्वहरु वा कार्यहरु पर्दछन् । राम्रो कक्षाकोठा व्यवस्थापनले असल अनुशासन र कक्षा नियन्त्रण कायम गर्न सजिलो हुन्छ । त्यसैले अनुशासन र कक्षा-नियन्त्रणलाई पनि कक्षाकोठा व्यवस्थापनभित्र समावेश गर्ने गरिन्छ । सामान्यरुपमा सवै चीजहरुलाई सफा र क्रमवद्ध बनाई प्रभावकारी रुपले सञ्चालन गर्ने प्रक्रियाको रुपमा कक्षा-व्यवस्थापनलाई लिनुपर्दछ (शर्मा,२०६४) ।

शर्माद्वारा उदृत शिक्षणशास्त्र (२०६४) को पेज नं १७२ मा उल्लेख भए अनुसार कक्षाकोठा व्यवस्थापनलाई Johnson & Bany ले "शैक्षिक उद्देश्यहरुको प्राप्तिका लागि समूह र कक्षा कोठाको आन्तरिक वातावरण स्थापना एवम् सम्भार गर्ने प्रक्रियालाई कक्षा व्यवस्थापन भनिन्छ ।"

भनेर उल्लेख छ । साथै कक्षाकोठा व्यवस्थापन अन्तर्गत सञ्चालन गरिने मुख्य व्यवस्थापकीय कार्यहरुमा भौतिक वातावरणको व्यवस्थापन (भवन, फर्निचर, सरसफाई, प्रकाश, हावा, तापक्रम इत्यादि), विद्यार्थीको उपयुक्त वसाइको व्यवस्था (विद्यार्थीको उचाई, हेर्ने र सुन्ने क्षमता, उमेर, कक्षाको प्रकाश, कालोपाटी, अन्य सामाग्रीको रखाई र सिकाई), सामग्रीको व्यवस्थापन ( पाठ्यपुस्तक, पुस्तकालय, शैक्षिक सामग्री तथा औजार उपकरणको व्यवस्थापन र भण्डार ) र विद्यार्थीका क्रियाकलाप व्यवस्थापन (अनुशासन र नियन्त्रण, समूह विभाजन, विद्यार्थीलाई उत्तरदायित्व र जिम्मेवारी प्रदान) कार्यहरु पर्दछन् ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शैक्षिक कार्यक्रमहरु संचालन गर्ने एक मुख्य स्थल नै कक्षाकोठा भएको हुनाले कक्षाकोठाको उचित व्यवस्थापन विना गुणस्तरीय शिक्षा प्रदान गर्न असम्भव हुन्छ । शिक्षण सिकाई क्रियाकलापमा कक्षाकोठाको व्यवस्थापन उपयुक्त हुनुपर्छ । माध्यामिक विद्यालय तहको कक्षाकोठा व्यवस्थापनको स्थिति र समस्याको विषयमा खासै अध्ययन अनुसन्धान भएको नपाईएकोले पनि यस अनुसन्धानमा खोज तलास गरेर कक्षाकोठा व्यवस्थानको स्थिति तुलना र समस्या उजागर गर्ने प्रयास गरिएको छ । यसभन्दा अगाडिका अनुसन्धान कृतिहरुको वारेमा हेर्दा विभिन्न विषय अन्तर्गत पाठ्यक्रम कार्यान्वयन, शैक्षिक सामग्री, मूल्याङ्कन आदिको वारेमा भेटियो । त्यस्तै व्यवस्थापन अन्तर्गत पनि व्यवस्थापनको धारणा, सिद्धान्त, शैक्षिक व्यवस्थापन, कक्षा प्रक्रिया आदिको वारेमा मात्र कृतिहरु पाइयो । पूर्व साहित्यको अध्ययनवाट यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्ने भएकाले सम्वन्धित लेखहरुको अध्ययन संक्षेपमा प्रस्तुत गरिएको छ ।

शिक्षण सिकाईको सन्दर्भमा पनि व्यवस्थापन पक्ष त्यत्तिकै महत्वपूर्ण हुन्छ । गुणस्तरीय शिक्षणको लागि कक्षाकोठाको व्यवस्थापन भित्र शैक्षिक व्यवस्थापन र भौतिक व्यवस्थापन पर्दछन् । खासगरी शिक्षण सिकाई कक्षाकोठामा हुने हुनाले कक्षाकोठाको व्यवस्थापनलाई ध्यान दिनु पर्दछ । शिक्षण सिकाई प्रभावकारी वनाउँने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ तर पनि कक्षा कोठाको व्यवस्थापनले शिक्षणलाई अझ प्रभावकारी वनाउँन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शिक्षण सिकाईलाई महत्वपूर्ण मर्यादित र उद्देश्य अनुरुप वनाउँदा पनि कक्षा व्यवस्थापनको अपरिहार्य आवश्यकता हुन्छ । कक्षाकोठाको उचित व्यवस्थापन विना गुणस्तरीय शिक्षा प्रदान गर्ने कल्पना पनि गर्न सकिन्न । जनसन र वनी का अनुसार शैक्षिक उद्देश्यहरुको प्राप्तिका लागि समुह र कक्षाकोठाको आन्तरिक अवस्था विकसित गर्ने र वनाउँने प्रक्रियालाई कक्षा व्यवस्थापन भनिन्छ । कक्षा

व्यवस्थापनले कक्षा शिक्षणको समयमा शिक्षकलाई शिक्षण कार्य गर्न र शिक्षण क्रियाकलापमा मात्र केन्द्रित हुन सहयोग गर्ने हुनाले शिक्षण कार्य प्रभावकारी वनाउन उचित कक्षाकोठा व्यवस्थापन ज्यादै आवश्यक रहेको मानिन्छ (राउत, २०६१) ।

संस्थागत तथा सामुदायिक दुवै विद्यालयहरु समुदायमा नै पर्दछन् । समुदाय भित्रका सामाजिक विवेकशील प्राणी मानवहरु ले नै ती संस्थाहरुको जन्म कुनै न कुनै उद्देश्यवाट गरेका हुन्छन् । ती उद्देश्य पूरा गर्नलाई शिक्षण संस्थामा व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ नै यसैअनुरुप शोधकर्ताले आफ्नो निचोडमा राजनैतिक हस्तक्षेप एवं तालिमको अभावमा विद्यालय व्यवस्थापन समितिले प्रभावकारी रुपमा कार्य गर्न नसकेको, समितिमा वास्तविक अभिभावकहरुको प्रतितिधित्व नभएको संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर राम्रो भए तापनि अभिभावकहरुको प्रतिनिधित्व नहुनु । समिति गठन प्रक्रिया जटिल, समितिको असक्षमताका कारण प्रधानाध्यापकवाट समितिले गर्ने कार्य हुने गरेको, समिति र प्र.अ.वीच समन्वयको अभावका साथै सर्वाङ्गीण विकासको लागि विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेतापनि उनीहरुले निर्वाह गर्ने गरेको भूमिका ज्यादै न्यूनस्तर रहेको उल्लेख छ (पौडेल, २०६०) ।

विद्यालयको गुणात्मक शिक्षा प्रदान गर्नमा मूल्याङ्कनले महत्वपूर्ण योगदान दिन्छ । विद्यार्थीलाई शिक्षण सिकाइको उपलब्धि कति हाँसिल गरेका छन् भनि समय समयमा महिना महिनामा या २,२ महिना या ३,३ महिनामा आन्तरिक परीक्षा (Assesment) लिने गर्नुपर्दछ । (Assesment) वाट प्राप्त नतिजाको अभिलेखमा व्यवस्थित ढंगले राख्नु पर्दछ । रेकर्ड किपिङ्कालागि फाइल र दराज सोही वमोजिमको व्यवस्थित गनुपर्दछ । प्राप्त अभिलेखहरुको आधारमा प्रतिवेदन तयार गरी परिमार्जन लगायत भौतिक मनोवैज्ञानिक तथा अन्य विधिहरुको व्यवस्थापनमा गर्नुपर्ने सुधारलाई प्रथमिकताको क्रममा अगाडि वढाउन मार्ग निर्देश गर्न सहयोग गर्दछ (सिंह,२०६२) ।

वि.सि.(२०५९) को अनुसार "शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी वनाउन व्यवस्थापन र निरीक्षकको योगदान" शोधपत्रमा अनुसन्धान कर्ताले आफ्नो निचोडमा शिक्षण सिकाई क्रियाकलापलाई उद्देश्य अनुरुप प्रभावकारी वनाउन विद्यालयमा कार्यरत शिक्षक प्र.अ. व्यवस्थापक समिति, विद्यालय निरीक्षकहरुवाट उल्लेखनीय सहयोग पुऱ्याउनु पर्ने ,शैक्षिक विकासका लागि सवैपक्ष लगनशील वा कार्यदक्षता, इमान्दारिता र सेवाप्रति उत्तरदायित्व वहन गर्नु पर्ने विद्यालयको शैक्षिक वातावरण स्वच्छ राख्ने र आवश्यक नीति नियममा स्थिरता हुनु पर्ने, विद्यालय निरीक्षणमा निमितता र निरन्तरता दिनु पर्ने, हचुवाका भरमा कार्य सम्पादन नगरी जिम्मेवारिता वहन गर्नु

पर्ने र शिक्षण सिकाई क्रियाकलापमा विद्यालय निरीक्षकले उल्लेखनीय योगदान दिन सक्ने हुँदा शिक्षक र निरीक्षकहरु र अन्य संवद्ध निकायहरु एक अर्कोका परिपूरक भएर कार्य सम्पादन गर्नु पर्ने कुरामा जोड दिनु भएको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयको  व्यवस्थापन समिति र संस्थागत  विद्यालयको व्यवस्थापन समितिले निर्वाह गर्नु पर्ने आर्थिक भूमिकाको सम्वन्धमा हेर्दा सामुदायिक विद्यालयको   व्यवस्थापन समितिले आफ्ना अरु कार्यहरुभन्दा यस कार्यलाई सक्रिय रुपमा सम्पादन गरेको देखिन्छ भने संस्थागत विद्यालयको व्यवस्थापन समिति भने त्यति सक्रिय रुपमा संलग्न भएको देखिदैन । विद्यालय व्यवस्थापन समितिले निर्वाह गर्नुपर्ने महत्वपूर्ण भूमिका मध्ये शैक्षिक पक्षमा सामुदायिक विद्यालयको व्यवस्थापन समितिले भन्दा संस्थागत विद्यालय व्यवस्थापन समितिले उच्च रुपमा शैक्षणिक कृयाकलापलाई जोड दिएको पाइयो । समग्र रुपमा संस्थागत र सामुदायिक विद्यालयका व्यवस्थापन समितिहरुले निर्वाह गर्नुपर्ने आर्थिक, प्रशासनिक तथा शैक्षिक पक्षको सन्दर्भमा संस्थागत विद्यालय व्यवस्थापन समितिमा प्रायः लगानीकर्ता वा संस्थापक नै हुने हुँदा आफ्नो लगानी उठाउनको लागि उनीहरु सक्रियरुपमा लाग्ने र सामुदायिक विद्यालयहरुको व्यवस्थापन समितिमा राजनैतिक व्यक्तिहरुको संलग्नताले समितिको निर्णय प्रकृयामा अवरोध आउने गरेको उल्लेख छ । साथै सवै अभिभावकहरु साक्षर र कृयाशील नहुने हुँदा  ती पक्षहरुका सवै काम प्र.अ.ले मात्र गर्नु पर्ने हुँदा  समितिको भूमिका निस्कृय हुने कुरा उल्लेख छ ।

शिक्षण कार्य प्रभावकारी वनाउनका लागि कक्षा कोठाको व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुन आउछ सानो कक्षाकोठामा धेरै विद्यार्थीहरु भएमा कक्षा कोठाको वातावरण राम्रो हुदैन सानो कोठामा धेरै विद्यार्थीहरको उपस्थितिले ध्वनि प्रदूषणका साथै हो-हल्ला भई अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । कक्षाकोठा सधै सफा र आकर्षक किसिमको हुनु पर्दछ । ढोका वा झ्यालवाट छिरेको सूर्यको प्रकाश परावर्न भै विद्यार्थीको आखाँमा कालोपाटी चम्किने खालको हुनु हुदैन । विद्यार्थीको उमेर अनुसारको वस्ने र लेख्ने डेस्क तथा वेन्चको व्यवस्था हुनु जरुरी हुन्छ । शारीरिक रुपमा अशक्त विद्यार्थीहरुलाई समेत मध्यनजर गरी कक्षाकोठाको व्यवस्थापन हुनुपर्दछ । वाहिरको स्वच्छ हावा दोहोरो खेल्ने प्रकारको उचित व्यवस्था भएको कक्षाकोठामा अध्ययन गर्ने आडान प्रदान राम्रोसँग गर्न सक्दछ । यसवाट कक्षाकोठाको व्यवस्थापन थप आर्थिक लगानी नगरीकनै सामान्य भौलिक पूर्वाधारवाट पनि व्यवस्थित वनाउन सकिन्छ (सप्तगण्डकी, मुखपत्र, २०६२) ।

शिक्षक प्रशिक्षकलाई कक्षाकोठामा पुऱ्याउन सक्नु पर्दछ । कक्षाकोठामा सहज रुपमा पुऱ्याउनको लागि कक्षाकोठा व्यवस्थापनमा धेरै व्यवधानहरु देखिएका छन् । जसका कारण शिक्षकले

तालिमबाट पाएका उपलब्धिहरु कक्षाकोठामा पुग्न सकेका छैनन् । नेपालमा यस्तो अवस्था विकराल रुपमा रहेको पाइन्छ । कक्षाकोठाको व्यवस्थापन नहुनु शिक्षकको पारिश्रमिक कम हुनु, सामाजिक स्तर कम हुनु शिक्षकहरुमा सुरक्षाको अनुभूति कम हुनु, कार्यबोध बढी, कक्षाको उचित आकार, प्रकार र वातावरण नहुनु । कक्षाकोठाको आकार अनियन्त्रित ढंगले ठूलो हुनु, शिक्षाको पेशागत उत्थान नहुनले कक्षाकोठामा हुने शिक्षण सिकाईलाई प्रभावकारी बनाउन सकिँदैन । त्यसैले ती सबै संरचनाहरुलाई नेपाल सरकार पूरा गर्न सक्षम छ त भन्ने प्रश्न उठ्ने गरेको पाइन्छ । यसको लागि सरकारको प्रतिबद्धता र प्रयासको खाँचो रहेको छ (विचारपुञ्ज,२०६३) ।

राणाकालीन शासन व्यवस्थाबाट शुरु भएको अंग्रेजी माध्यम प्रतिको आर्कषण नै प्राईभेट स्कुलका स्रोत हुन् । समयको गति सँगै असिको दशकबाट देशको विभिन्न भागमा सरकारी अनुमति लिएर प्राइभेट विद्यालयहरु संचालनमा आएका हुन् ।यस्ता विद्यालयहरु विशेष गरी शहरमा केन्द्रित छ । देशको ठूलो धनराशी र विदेशी अनुदान सरकारी विद्यालयको भौतिक सुधार र तालिममा खर्चिदा समेत आशातीत सफलता प्राप्त नहुनु र समाजको ध्यान त्यसतर्फ नवढेको हो । प्राईभेट विद्यालयका आÇनै समस्या र जटिलताहरु हुदाँहुदै पनि यसको गति निरन्तर छ, जसको फल स्वरुप अनुयायीहरुको संख्यामा वृद्धि र प्रतिफल सर्व स्वीकार्य व्यवहारमा परिणत हुनाले शिक्षाको सातौं संसोधन देखि देशमा भएका स्कुललाई (१) सामुदायिक विद्यालय (२) संस्थागत विद्याल गरी दुई वर्गमा विभाजन गरिएको छ । दशौं योजनामा समेत निजी क्षेत्रको शिक्षालाई अझै प्रतिसप्रर्धि एवं सामुदायिक विद्यालयसंग समन्वयात्मक भई अगाडि वढ्न प्रेरित गरिएको छ । करोडौ रुपैया खर्चेर अन्धा, अपांग, विस्थापित, गरिव र दलितलाई प्रतिस्पर्धी शिक्षा उपलब्ध गराउने, समयसंगै विकसित प्रविधिलाई कक्षाकोठामा प्रवेश गराएर दक्ष जनशक्ति निर्माणमा सहयोग पुऱ्याउने, विदेशिने पुँजि देशमै परिचालन गर्ने, रोजगारीको अवसर उपलब्ध गराउने राष्ट्र विकासमा समाहित हुने, विदेशी लेखकहरुलाई विस्थापित गराई राष्ट्र भक्ति र राष्ट्रप्रेम जगाउने सर्जकहरुविच प्रतिस्पर्धा गराउने गर्नु पर्दछ । देशमा संञ्चालित संस्थागत विद्यालयहरु सययका आवश्यकता हुन् । देशका बुद्धिजीविहरु, प्रत्यक्ष-अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना गर्ने व्यक्तिहरुको संलग्नत रहेको संस्थागत विद्यालयहरु उदाहरण बनेका छन् । त्यसैले गुणस्तरीय शिक्षाका लागि संस्थागत विद्यालयहरु अपरिहार्य भएका छन् (चितवन विषेशाङ्ग,२०६३) ।

वालवालिकाको इच्छालाई धेरै ख्याल गरी कोठामा वसाल्नु पर्दछ । वालवालिकाहरलाई खुला रुपमा वस्नको लागि वसाईको व्यवस्था मिलाउनु पर्दछ । समुहमा राखी काम गर्न सजिलो हुने गरी फर्निचरको व्यवस्था मिलाउनु पर्दछ । वालवालिकाको लागि ठूलो र खेलाउन मिल्ने किसिमको

कोठाको खाचो पर्दछ । कोठाको चारै पाटा तिर विद्यार्थीले वनाएकार शिक्षण सामाग्रीको रुपमा प्रयोग हुने सामाग्री राख्नु पर्दछ । त्यसो गर्दा वालवालिकाहरुलाई कक्षाकोठामा व्यवहारिक र प्रयोगात्मक शिक्षा दिन सकिन्छ (एजुकेशनल फोरम,२०६४) ।

यो युग शिक्षा र सभ्यताको युग हो । सरकार हरेक नागरिकको अभिभावक हो भने शिक्षा हरेक नागरिकको नैसर्गिक अधिकार हो । सभ्यताको बिकाससँगै शिक्षाको महत्व बुझेका कुनै पनि अभिभावकहरुले बच्चा गर्भमा बसेदेखि नै उसलाई भविष्यमा राम्रो शिक्षादीक्षा दिने सपना बुनेका हुन्छन् । आफ्ना केटाकेटीहरुको भविष्य सोच्नु अभिभावकीय दायित्व नै हो, तर स्वभाविक रुपमा नै नागरिकहरुको आर्थिक हैसियत फरकफरक छ । आर्थिक हैसियत फरकफरक भएजस्तै हेसियतअनुसारको फरकफरक स्तरको शिक्षा प्रदान गर्ने निजी विद्यालयहरु खोलिएको हुँदा फरकफरक स्तरका नागरिक उत्पादन गर्ने कार्य विद्यमान छ । आयस्रोत राम्रो हुनेहरुले अफ्ना केटाकेटीहरुलाई बढी शुल्क तिरेरै भए पनि निजी विद्यालयमा पढाउँछन् भने आयस्रोत राम्रो नहुनेहरुले सार्वजनिक विद्यालयमा तथा सस्तो शुल्कको विद्यालयमा पढाउन बाध्य हुन्छन् । यसकारण नै देशमा दुई थरी नागरिक उत्पादन गर्ने कार्य भइरहेको छ (विश्वप्रकाश,२०६४) ।

न्यूजिल्याण्डमा विद्यालय व्यवस्थापन शीर्षकमा हरिप्रसाद लम्साल (२०६४) को लेखमा व्यवस्थापनको वारेमा उल्लेख गरिएको छ । विश्वमा विद्यालय व्यवस्थापन सम्वन्धमा विबिध विधिहरु कार्यान्वयनमा ल्याइएका छन् । कुनै मूलुकहरुले केन्द्रिकृत अवधारणा कार्यान्वयनमा ल्याएका छन्, कुनैले विकेन्द्रिकृत अवधारणा अनुरुप विद्यालय व्यवस्थापन गरिरहेका छन् । भने मिश्रित व्यवस्थापन प्रणाली अपनाउने मूलुकहरु पनि पाउन सकिन्छ । यी विधिहरुमध्ये न्यूजिल्याण्डले विद्यालय व्यवस्थापनमा विकेन्द्रिकृत व्यवस्थापन प्रणालि अनुरुप विद्यालय व्यवस्थापन पद्धति कार्यान्वयनमा ल्याएको छ । प्रत्येक विद्यालयमा अभिभावकमध्येवाट चुनिएका व्यक्तिहरु, समूदायका प्रतिनिधिहरु, शिक्षकका प्रतिनिधि र विद्यालयका प्रधानाध्यापक गरी School Board of Trustees को व्यवस्था गरिएको छ । माध्यमिक विद्यालयको हकमा भने उक्त Board of Trustees मा विद्यार्थीका तर्फवाट समेत प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ । School Board of trustees, parent teacher Association र विद्यालयका अन्य शैक्षिक क्रियाकलापमा अभिभावकहरुको संलग्नता सुनिश्चित गरिएकोले उनीहरु आफ्ना वालवालिकाको सिकाईमा प्रत्यक्ष रुपले सहभार्गा हुने गर्दछन् । विद्यालयले विद्यार्थीको सिकाई लगायतका अन्य पक्षहरुको प्रगति विवरण निमितरुपमा अभिभावक समक्ष प्रस्तुत गरी छलफल तथा अन्तरक्रिया समेत गर्ने

गर्दछ । विद्यालय व्यवस्थापन गर्ने कार्यमा School Board of Trustees को महत्वपूर्ण एवम् सर्वोपरी भूमिका रहने गर्दछ (शैक्षिक समचार, २०६४,मंसिर) ।

सामुदायिक विद्यालयहरु परिवर्तनका पक्षमा भन्ने शीर्षकको लेखमा संसार परिर्वतनशील छ वढ्दो सूचना प्रविधिको कारणले गर्दा ज्ञान विज्ञानको क्षेत्रमा परिवर्तन छिटो छिटो हुने गरेको छ । नेपालको जुनसुकै कुनामा पनि विश्व वजारमा देखा परेका बिशेषताहरु सजिलै पुग्ने हुनाले परम्परागत एवम् स्थानीयतामा आधारित ज्ञान सपि प्रविधि र संगठनले समयानुकुल वनाउन ठुलो दवाव खेप्दै आएका छन् । नेपालमा सञ्चालित सामुदायिक विद्यालयहरु पनि यस्तै संङ्कटकालीन अवस्थावाट गुज्रिरहेको छन् । अभिभावकको वढ्दो आकांक्षा निजी विद्यालयहरुको विस्तार, समाजको अङ्ग्रेजी भाषाप्रतिको मोह, निजी विद्यालयहरुको एस.एल.सी नतिजा आदिले सामुदायिक विद्यालय सामु चुनौतिका पर्खाल नै खडा गरेका छन् हालका दिनमा निजी क्षेत्रका विद्यालयहरु अभिभावकको छनौटमा पर्ने गरेका छन् । अभिभावकहरु दुःख कष्टका साथ भए पनि आफ्ना छोराछोरीहरुलाई निजी विद्यालयमा पढाउने गरेको पाईन्छ । समयको माग सँगै देखा परेका परिवर्तनहरु जस्तै विद्यालयमा अङ्ग्रेजी भाषाको प्रयोग, कम्प्युटर को प्रयोग आदि जस्ता पक्षहरुमा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयहरु अगाडि देखिएका छन् निजी विद्यालयहरु समयको माग वुझि सो अनुरुप समायोजित भएका छन् भने सामुदायिक विद्यालयहरु परिवर्तनको माग वुझ्न नसकी पछाडि परेका छन् । विद्यालयहरुका कक्षाकोठामा प्रविधिलाई प्रवेश गराउनु टट्कारे आवश्यकता परेको छ । सामुदायिक विद्यालयहरुको कार्य सक्षमतामा सुधार गर्ने हो भने यसको सञ्चालन र व्यवस्थापन पक्षलाई परिर्वन गर्नुपर्दछ । परिवर्तनप्रति सकारात्मक वनाउनु पर्दछ । यसरी स्रोत र साधनलाई वैज्ञानिक रुपमा उपयोग गरेमा निजी विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकिन्छ तर सामुदायिक विद्यालयहरुमध्ये अधिकांश यस प्रतिस्पर्धाप्रति चासो रहेको देखिदैन । अधिकांश सामुदायिक विद्यालयको शैक्षिक अवस्था दिन प्रति दिन खँस्कदै गएको छ । धेरैको चिन्ता (लगानी) को वारेमा छ । कसैलाई (प्रक्रिया) को वारेमा चिन्ता छ (शैक्षिक समचार, २०६४,माघ) ।

विद्यालयको कक्षाकोठा व्यवस्थापन एक सामूहिक कार्य हो जुन एकल प्रयासवाट मात्र अवश्य सम्भव हुदैन । समाजमा स्थापित भएका विद्यालयहरु समय अनुसार समाजको मागलाई पूरा गर्ने दायित्व लिएर निरन्तर अगाडि वढिरहेका हुन्छन् । जव विद्यालयले समाजको आवश्यकता अनुसार शिक्षा प्रदान गर्न सक्छ तव मात्र विद्यालय आफ्नो लक्ष्यमा पुग्न सफल भएको मानिन्छ ।यो मान्यता हाम्रो समाजभर अझै विद्यमान छ (मिश्र, २०६३)।

विद्यालय आकर्षक वनाउन उचित शैक्षिक व्यवस्थापन गर्नुपर्दछ । विद्यालयमा उपलव्ध भौतिक वस्तुको समेत पर्याप्त उपलब्धता र व्यवस्थापन हुनु जरुरी हुन आउँछ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार प्रति विद्यार्थी कम्तिमा १ वर्ग मीटर भएको पक्की भवन प्रति २०० विद्यार्थी छात्र छात्राको लागि छुट्टै र शिक्षक शिक्षिकाका लागि अलग अलग शौचालय, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक सहित ५०० भन्दा वढी पुस्तकसहित पढने अलग अलग कोठा कोठाको उचाई कम्तीमा ९ फिट र भुई कोठाको सतह जमीन सतहभन्दा अग्लो, विद्यालयको नाममा २० रोपनी वा सो भन्दा वढी जग्गा, विद्यार्थी वसेर प्रयोग गर्न सक्ने प्रयोगशाला, विद्यार्थीलाई फिल्टर सहितको पर्याप्त खानेपानी, पक्की कम्पाउण्ड सहितको वन्द गर्ने ढोका, कक्षा कोठामा झ्याल ढोका आवश्यकता अनुसार कोठामा भेन्टिलेसन भई हावा खेल्न सक्ने, सवै विद्यार्थीलाई लेख्न र पढ्न उपयुक्त प्रकाश भएको र कालोपाटीमा लेखेको कुरा प्रष्ट देख्न सम्ने जस्ता व्यवस्थाहरु भएको विद्यालयलाई भौतिक वस्तुको उपलव्धता र व्यवस्थापन राम्रो भएको विद्यालय वा उत्तम विद्यालय मान्न सकिन्छ (शर्मा,२०६२) ।

माथि उल्लेख गरिएका लेख ,प्रतिवेदन, कार्यपत्र, शोधपत्र आदिका आधारमा कक्षाकोठा व्यवस्थापन गर्नका लागि सवै सरोकारवालाहरुको सहयोगको खाचो पर्ने कुरा स्पष्ट हुन आउछ । सवैको उचित सम्वन्धका कारणवाट मात्र कक्षाकोठा व्यवस्थीत हुने हुँदा मानव सम्वन्धको सिद्धान्तलाई ध्यान दिनु पर्ने समेत देखिन्छ । विद्यालयमा वालवालिकाहरको लागि कक्षाकोठा अनुकुल वनाउनका लागि शैक्षिक सामाग्री, पानी, शौचालय तथा खेल्ने ठाउँहरुको पहुच सुनिश्चित गर्नु पर्दछ । विद्यालयको कक्षा र विद्यार्थी अनुपातमा वसाईको सहि व्यवस्था मिलाउनु पर्ने, वालवालिकालाई गाली तथा पिटाई नगरी सवैलाई माया गरेको अनुभूति गराउनु पर्ने र गृहकार्य दिने र नगरेकालाई सकारात्मक रुपमा प्रेरीत गर्ने हुदा कक्षाकोठाको व्यवस्थापनलाई सहजता ल्याई शैक्षिक अपलव्धी उच्च हुन सक्दछ । कक्षाकोठामा स्थानीय स्तरमा वनाउन सकिने शैक्षिक सामाग्रीहरुलाई विभिन्न तरिकाले प्रयोगमा ल्याउनु पर्दछ । वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउनु पर्दछ । वालवालिकाहरु विद्यालयमा नियमित आउन भन्नका लागि विद्यालयमा अनुकुल वातावरण प्रदान गर्ने, कक्षाकोठाको व्यवस्थापनमा रमाईलो र वाल मैत्री वनाउने, शिक्षकले विद्यार्थीको मनस्थीति विग्रने गरी गालि नगर्ने, विद्यार्थीहरुको शिक्षक प्रतिको हेराई लाई सुदृढ पार्ने, भोक र तिर्खाको कारणले विद्यार्थी घरमा वस्न नपरोस भन्नका लागि स्रोतको खोजी गर्नु पर्ने, विद्यालयमा धेरै जात तथा वर्गका वालवालिका आउने हुनाले साथीहरुले हेप्ने र जिस्क्याउने जस्ता वातावरण हुन नदिनु लगागतका पक्षहरुमा ध्यान दिनु पर्ने देखिन्छ । यसै अनुरुप यस शोध अध्ययनमा पनि यि लेखहरुलाई समेट्ने प्रयास गरिएको छ ।

# परिच्छेद-तीन

## अनुसन्धान विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै अनुसन्धान कार्यको लागि छनौट गरिने नमूना संभावनाका आधारमा नभई अनुसन्धान कर्ताहरुको उद्देश्य, सोच, आकांक्षा आवश्यकता र विवेकको आधारमा निर्भर गर्दछ भने त्यस्तो नमूना छनौटलाई संम्भावनारहित नमूना छनौट भनिन्छ (तिमिल्सिना, २०६१) । अनुसन्धानको लागि तथ्याङ्क अति आवश्यक पर्दछ । गुणात्मक अथवा  परिमाणात्मक कस्तो खालको अनुसन्धान गर्ने हो सोही अनुसारको विधि तथा साधनहरुको खाचो पर्दछ । तथ्याङ्क संकलन  गर्दा पनि विधिलाई ध्यान दिनुपर्दछ । अनुसन्धानकर्ताको रुचि क्षमता तथा आर्थिक अवस्थालाई ध्यान दिएर तथ्याङ्क संकलनविधि छनौट गर्नु पर्दछ (खनाल,२०६१) । यस अनुसन्धानमा प्रकाशित विभिन्न सन्दर्भ ग्रन्थहरु, विद्यालयको विद्यालय सुधार योजना (SIP) तथा अन्य दस्तावेजहरुलाई स्रोतका रुपमा लिइएको छ । यस अनुसन्धानवाट व्याख्यात्मक सूचनाहरु संकलन गरी गुणात्मक अनुसन्धानको लागि चाहिने आवश्यक सामाग्रीहरु तथा विधिहरुको प्रयोग गरिएको छ । व्याख्यात्मक सूचनाहरुवाट व्याख्या र विश्लेषण गरी निस्कर्ष निकाल्ने प्रयास गरिएको हुनाले यो अनुसन्धानको स्वरुप गुणात्मक भएको छ ।

### ३.२ कर्मथलो छनौट

संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा शिक्षणमा व्यवस्थापनको स्थिति तुलना गर्नका लागि शोध कर्तालाई आर्थिक र समयको सहजता भएकोले अध्ययन गर्न आवस्यक तथ्याङ्कहरु चितवन जिल्ला भरतपुर नगर क्षेत्रका सम्पूर्ण संस्थागत विद्यालयवाट अरोमा ई. स्कूल, भरतपुर र वाल्मीकी शिक्षासदन, कृष्णपुर रहेका छन् भने सामुदायिक विद्यालयहरु मध्येवाट चितवन माध्यमिक विद्यालय, भरतपुर र रा.प्रा.वि. नदीकिनारलाई लिइएको छ । उद्देश्यमूलक दृष्टिकोणबाट अध्ययनको लागि दुई-दुईवटा विद्यालयहरु छनौट गरिएको हो । अध्ययनका छनौटमा परेका माथिका विद्यालयका प्र.अ., व्यवस्थापन समितिका पदाधिकारी, शिक्षकहरु र विद्यार्थीहरुसग प्रत्यक्ष प्रश्नावली, अवलोकन र छलफलवाट गुणात्मक अनुसन्धानलाई चाहिने तथ्याङ्कहरु  संकलन गरी

यस अध्ययनको प्रतिवेदन तयार गरिएको हो । शैक्षिक उपलब्धिका लागि प्राथमिक तहको अन्तिम कक्षा ५ कक्षाको शैक्षिक उपलब्धीलाई लिईएको छ ।

### ३.३ नमुना छनौट विधि

नमूना छनौटको लागि विद्यालयहरुमा शिक्षण भएको अवस्थामा ती चालु कक्षाहरुमा कक्षाकोठा व्यवस्थापनको अवलोकन गरिएको थियो । कक्षाकोठाको अवलोकन गर्न अवलोकन फारामको निर्माण गरिएको थियो र अनुसन्धान गर्न लागिएका विद्यालयहरुका व्यवस्थापन समितिका पदाधिकारी, प्र.अ. शिक्षकहरु र विद्यार्थी समेतलाई नमूनाका लागि छनौट गरिएको थियो । शिक्षकहरुको छनौटमा सवै विषयका शिक्षकहरुको कक्षा अवलोकनलाई र अन्तर्वार्तामा भने कक्षा खाली भएका शिक्षकहरुलाई लिइएको थियो । विद्यार्थीहरुमा सम्भावना रहित नमुना छनौट विधिलाई आधार मानि उद्देश्यपूर्ण नमुना छनौट विधि अपनाइएको थियो । अध्ययन अनुसन्धानको क्रममा विद्यार्थी सहभागितालाई विशेष रुपमा ख्याल गरी प्रत्येक कक्षामा एक-एकवटा लक्षित समूह छलफल (Focus group discussion) पनि गरिएको थियो । लक्षित समूह छलफल (Focus group discussion) मा कक्षामा भएका छात्र -छात्राको रोल नं वाट ८ जना मात्र पर्ने गरी ४ र ५ कक्षाको एक सेक्सनवाट मात्र एक विद्यालयवाट जम्मा १६ जना विद्यार्थीहरुलाई लिइएको छ । नमूना छनौट गर्ने क्रममा सवै विद्यालयहरु लिन नसक्ने भएको हुनाले विद्यालय छनौटको लागि जिल्ला शिक्षा कार्यालय चितवनको सहयोग लिई भरतपुर नगरपालीका भित्रका संस्थागत तथा सामुदायिक विद्यालयहरु मध्येवाट २/२ वटा विद्यालयहरु छनौटमा लिइएको छ ।

छनौट गरिएका विद्यालयहरुको नामावली अनुसूची १ मा उल्लेख गरिएको छ ।

### ३.४ अध्ययन उपकरण छनौट

अध्ययनका लागि निन्न अनुसारको उपकरणहरुको निर्माण गरिएको थियो । संस्थागत तथा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनको वारेमा प्रथमत प्राथमिक तथा द्धितीय स्रोतवाट तथ्याङ्कहरु संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्कको स्रोतमा प्रश्नावली, अवलोकन फारम र छलफलका निश्कर्षहरु रहेका छन् भने द्धितीय स्रोतका रुपमा कक्षाकोठा व्यवस्थापनका वारेमा प्रकाशित विभिन्न सन्दर्भ ग्रन्थहरु, विद्यालयको विद्यालय सुधार योजना (SIP) तथा अन्य दस्तावेजहरुलाई स्रोतका रुपमा लिइएको छ । अनुसन्धानका क्रममा तथ्याङ्कको रुपमा प्राप्त

अन्तर्वार्ता, मानिसहरुका अनुभव, बिचार, धारणा र ज्ञानलाई  उल्लेख गरिएको छ । अवलोकनद्धारा प्राप्त तथ्याङ्कहरुमा मानिसका क्रियाकलापहरु, कार्य तथा घटनाहरु व्यक्ति बीचका अन्तर्क्रियाहरु तथा संगठनात्मक प्रक्रियाहरुको विस्तृत विवरणका आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

**क) प्रश्नावली :-** यस अनुसन्धानमा व्यवस्थापन समिति प्र.अ. तथा सम्वन्धित विषय शिक्षकहरुसँग सूचना संकलनको लागि छलफल र खुला प्रश्नावलीहरुवाट अन्तर्वार्ता लिई जानकारी लिइएको थियो । यस प्रश्नावलीवाट कक्षाकोठा व्यवस्थापनको स्थिति र यसमा देखापरेका समस्याहरु पत्ता लगाउँन सहयोग मिल्ने अपेक्षा गरिएकोले यस प्रश्नावली तयार गरिएको हो । त्यसैगरी व्यवस्थापन समितिका पदाधिकारी, प्र.अ. शिक्षकहरु र विद्यार्थीहरुलाई गुणात्मक अनुसन्धान हुने गरी वेग्ला वेग्लै  प्रश्नावलीको निर्माण गरिएको थियो ।
प्रधानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारी, र शिक्षकहरुका लागि तयार पारिएको प्रश्नावलीको नमुना ३, ४ र ५ अनुसूचीमा समावेश गरिएको छ ।

**खं) कक्षा अवलोकन :-**  प्रत्यक्ष कक्षा अवलोकनको लागि उद्देश्यमा राखिएका कुराहरुलाई समेट्ने खालको एक कक्षा अवलोकन फारामको निर्माण गरिएको थियो । त्यस कक्षाअवलोकन फारमको सहायताले अनुसन्धान क्षेत्रमा परेका कक्षाहरुको तुलनात्मक अवस्था पत्ता लगाउन सहयोग प्राप्त भएको थियो ।

**ग) लक्षित समूह छलफल :-** अध्ययन र अनुसन्धानको क्रममा विद्यार्थीहरुवाट तथ्य परक जानकारी प्राप्त गर्नकालागि कक्षाकोठाको व्यवस्थापनको तुलनात्मक स्थिति र समस्याको वारेमा उनीहरुको विचार, धारण र सुझावलाई समेट्न लागि आठ आठ जनाको साना साना छलफल समूह गठन गरिएको थियो ।
कक्षा अवलोकन फारामको नमुना अनुसूची ६ र ७ मा समावेश गरिएको छ ।

### ३.५ अध्ययन उपकरण परीक्षण

अनुसन्धानका लागि तयार गरिएका साधन तथा उपकरणहरु उपयोगी भए नभएको जाँच गर्नका लागि सम्बन्धित क्षेत्रका पथप्रदर्शकहरुसँग र विषय विशेषज्ञहरुसँग राय सल्लाह लिइएको थियो । प्रश्नावली तथा अवलोकन फारमहरु  पनि सोही मुताविक निर्माण गरी शोध निर्देशकसँग जाँच गराई उपकरणहरुको विश्वसनीयता र वैधतालाई समेत ध्यान दिइएको थियो ।

### ३.६ तथ्याङ्क संकलन प्रकृया

छनौटमा परेका प्रत्येक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, प्र.अहरु, शिक्षकहरु र विद्यार्थी सग लक्षित समूह छलफल (Focus group discussion) गरी अध्ययनमा जम्मा जम्मा १०० जनालाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सहभागी गराइएको छ । चालु कक्षाहरुको कक्षा अवलोकन गर्न कक्षा अवलोकन फारमको माध्यमवाट तथ्याङ्कहरु संकलन गरिएको छ । द्धितीय तथ्याङ्कहरु विद्यालयको अभिलेख विभिन्न पुस्तक, पत्र, पत्रिका, सन्दर्भग्रन्थहरु, विद्यालयको कक्षा तथा अन्य दस्तावेजहरु समेतवाट लिइएको छ । संकलन गरिएका प्राथमिक तथ्याङ्कवाट कक्षाकोठामा भइरहेको वर्तमान स्थितिको तुलना र कक्षाकोठा व्यवस्थापनका समस्याहरु पत्ता लगाउन सहयोग भयो भने द्धितीय तथ्याङ्कवाट व्यवस्थापन, कक्षाकोठा व्यवस्थापनको स्थिति पहिचान र विद्यालयका शिक्षक, विद्यार्थी, फर्निचर, शैक्षिक सामग्री, सम्वन्धी अन्य थप जानकारीहरु प्राप्त भएको थियो ।

### ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

संकलित सम्पूर्ण तथ्याङ्कहरुलाई विष्लेषण गरी संस्थागत तथा सामुदायिक विद्यालयको व्यवस्थापकीय पक्ष अन्तर्गत कक्षाकोठा शिक्षणमा व्यवस्थापनको स्थितिलाई तुलनात्मक रुपमा देखाइएको छ । यसैगरी कक्षाकोठामा के कस्तो अवस्था छ त्यसलाई वर्णनात्मक रुपमा व्याख्या गरिएको छ । तथ्याङ्कहरुलाई विष्लेषण गरिसके पछि त्यसवाट निस्केको निश्कर्षलाई सूचनाको रुपमा उल्लेख समेत गरिएको छ ।

# परिच्छेद-चार

## तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण

### ४.१. पृष्ठभूमि

यसै क्रममा अध्ययन अनुसन्धानको एउटा उद्देश्य पनि कक्षाकोठा व्यवस्थापनको स्थिति पहिचान गर्नु भएकोले चितवन जिल्ला भरतपुर नगर पालिका भित्रका संस्थागत र सामुदायिक विद्यालयमध्ये संस्थागत विद्यालयवाट अरोमा ई. स्कूल, भरतपुर र वाल्मीकी शिक्षासदन, कृष्णपुर रहेका छन् । सामुदायिक विद्यालयहरु मध्येवाट चितवन माध्यमिक विद्यालय, भरतपुर र रा.प्रा.वि. नदीकिनार, नारायणगढ गरी ४ वटा विद्यालयहरु रहेका छन् । आर्थिक रुपले संस्थागत तर्फ वाल्मीकी शिक्षा सदन, कृष्णपुर र  सामुदायिक तर्फ चितवन माध्यमिक विद्यालय, भरतपुर सम्पन्न विद्यालयको रुपमा देखिएका विद्यालयहर छन् भने संस्थागतको अरोमा ई. स्कूल, भरतपुर र रा.प्रा.वि. नदीकिनार, नारायणगढ भने आर्थिक रुपले कम सम्पन्न विद्यालयको गणनामा पर्दछन् । छनौटमा परेका ती विद्यालयका व्यवस्थापन समिति तथा समुदायका व्यक्तित्वहरु, प्र.अ.हरु, शिक्षकहरु र विद्यार्थीहरुको समूहसँग अनुसन्धानकर्ता स्वयं उपस्थित भई अन्तर्वार्ता लिई, कक्षा अवलोकन, लक्षित समूह छात्र-छात्राहरुसँग छलफल र विद्यालयको अभिलेख समेतवाट कक्षाकोठाको स्थिति पहिचान गरिएको थियो ।

कक्षाकोठा व्यवस्थापन सम्वन्धमा सम्पूर्ण पक्ष, विभिन्न शिक्षाविद् एवं विद्घानहरुको प्रस्तुति र निष्कर्ष आदि कुरालाई विचार गर्दा कक्षाकोठाको व्यवस्थापनभित्र निम्न पक्षहरुलाई तुलनात्मक रुपमा उल्लेख गर्नु उपयोगी देखिएकोले निम्नानुसार तुलना गरिएको छ ।

### ४.२. कक्षाकोठा व्यवस्थापनको तुलनात्मक अध्ययन

कक्षाकोठालाई प्रभावकारी शिक्षण गर्नका लागि जुन पूर्वाधारहरु तयार गरिन्छ अथवा तिनिहरुको आवश्यक व्यवस्था गर्ने काम गरिन्छ ती सवैलाई नै समग्र रुपमा कक्षाकोठा व्यवस्थापन भनिन्छ । संस्थागत तथा सामुदायिक विद्यालयको कक्षाकोठामा के कस्तो अवस्था रहेको छ भन्ने वारेमा तुलनात्मक रुपवाट व्याख्यात्मक शैलीले विश्लेषण गरिएको छ ।

### ४.२.१. कक्षाकोठा व्यवस्थापनमा  प्र. अ.को स्थान

अनुसन्धानको क्रममा संस्थागत तथा सामुदायिक विद्यालयका प्र.अ. प्रिन्सिपल तथा शिक्षकको विचारमा कक्षाकोठा व्यवस्थापन भनेको विद्यार्थीहरुको चौतर्फि विकासको लागि अर्थात् अर्थपूर्ण शिक्षण सिकाइको लागि कक्षाकोठामा विद्यार्थीहरुका कृयाकलापलाई व्यवस्थित गरी शिक्षण सिकाईका लागि अनुकुल भौतिक शैक्षिक प्रवन्ध गर्ने कार्य हो । कक्षाकोठामा उपयुक्त खालको शैक्षिक वातावरणको निर्माण नै कक्षाकोठा व्यवस्थापन हो भन्ने जवाफ प्राप्त भएको थियो । संस्थागत विद्यालयहरुमा संस्थापक नै प्रिन्सिपल हुने गरेको हुँदा संस्थापकहरुवाट वढी चासो देखाइनाले पनि ती विद्यालयहरुमा प्रिन्सिपलहरुवाट चालुकक्षाहरुमा वढी रेखदेख र अनुगमन गर्नु परेको उत्तरहरु आएका थिए । सामुदायिक विद्यालयहरुका प्र.अ.हरुवाट उनीहरुकै आफ्नै प्रशासनिक कार्य लगायतका अन्य झमेलामा समेत संलग्न हुनुका साथै कार्यालयमा वढी विद्यालयको कामकाजले जानुपर्ने स्थिति आदिको कारण पनि चालुकक्षा कोठाहरुमा ध्यान दिन नसकिएको भन्ने छलफलमा वताउनु भएको थियो  । कक्षाकोठा व्यवस्थापनका लागि आर्थिक पक्ष महत्वपूर्ण रहेको दुवै किसिमका विद्यालयका प्र.अ.तथा प्रिन्सिपलहरुले वताए पनि सामुदायिक विद्यालयमा त्यस सम्वन्धि कुनै वजेट निकासा नहुने हुँदा त्यसको व्यवस्थापन गर्न असजिलो भएको प्र अ.हरुवाट प्राप्त भयो । कक्षाकोठा व्यवस्थापनमा व्यवस्थापन समिति तथा समूदायका व्यक्तित्वहरुले आवस्यकमात्रामा चासो नदेखाएको गुनासो पनि प्र अ. वाट प्राप्त भयो ।

### ४.२.२ कक्षाकोठा व्यवस्थापनमा  व्यवस्थापन समिति तथा समुदायको स्थान

संस्थागत तथा सामुदायिक विद्यालयमा कार्यरत व्यवस्थापन समितिका पदाधिकारी तथा समुदायका व्यक्तिहरुको चासो पनि विद्यालयले अधिकतम शैक्षिक उपलव्धी हासिल गरोस् भन्ने जनचाहना रहेको अभिव्यक्ति प्राप्त भयो । शैक्षिक उपलव्धी हासिल गर्नलाई के कस्ता स्रोत र साधनको जरुरत पर्दछ र समुदाय तथा समितिको कस्तो सहयोग रहनु पर्दछ त भन्ने प्रश्नमा संस्थागत विद्यालयका अभिभावकहरुले त्यो त लगानी कर्ताको काम हो हामीले शुल्क तिरेका छौ । समितिका पदाधिकारीमध्ये एक जनाले संस्थागत विद्यालयमा एउटा वैधानिकताको लागि वा शिक्षा नियमावलि व्यवस्था भएकोले मात्र समिति गठन गर्ने गरेको भए पनि सवै कामहरु प्रिन्सिपल र सञ्चालकहरु वसेर निर्णय गर्ने गर्दछन् हाम्रो काम त हस्ताक्षर गर्ने मात्र हो भनेर जिम्मेवार विहिन आभास/अभिव्यक्त पाईएको थियो । स्रोत र साधनको उत्पादन र संकलनमा ध्यान नदिए पनि अभिभावकहरुको आफ्नो प्रत्यक्ष लगानी परेको हुँदा लगानी परेको वस्तुको चासो वढी हुने

हुँदा उनीहरुको नियमित अनुगमन तथा निरीक्षण हुने कारणले गर्दा संस्थागत विद्यालयमा अभिभावहरुको उपस्थिति भने वढी हुन गएको पाइन्छ । त्यस्तै सामुदायिक विद्यालयका व्यवस्थापन समितिमा पनि राजनीतिक कटाक्ष रहेको सवै आ-आफ्नै स्वार्थ सिद्ध गर्न लागि परेका विद्यालय गएर पनि कक्षाकोठा व्यवस्थापनको वारेमा चासो नभएको व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरुका वालवालिकाहरु संस्थागत विद्यालयमा अध्ययन गर्ने हुँदा सामाजिक प्रतिष्ठाको लागि व्यवस्थापन समितिको पदमा वसेकाले त्यति चासो दिइएको पाइएन ।

### ४.२.३ कक्षाकोठा व्यवस्थापनमा शिक्षकको स्थान

विद्यार्थीको व्यवहार परिवर्तन गराउने जिम्मेवार व्यक्ति शिक्षक हो । वालवालिकालाई शिक्षा दिन शिक्षकको पेशागत धर्म मानिन्छ । कक्षाकोठाको उचित व्यवस्थापनमा उसको व्यक्तित्व र गुणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षक एक पेशा कर्मी भएको हुनाले तालिम प्राप्त हुनुपर्छ । तालिम प्राप्त र अनुभवी शिक्षकले मात्र विषय र पाठको प्रकृति अनुसार शिक्षण विधि र कौशलको छनौट गरी शिक्षण गराउँन सक्छ । शिक्षकले कक्षाकोठामा जहिले पनि दयालु सहानुभूति राख्ने, प्रसन्न मुद्रामा व्यवहार गर्ने, हँसिलो, इमान्दार र सहयोगीपन देखाउँदा विद्यार्थीले स्वत : सहयोग गर्ने हुनाले कक्षा व्यवस्थापन गर्न सजिलो पर्दछ । यसै मान्यतालाई लिएर छनौटमा परेका विद्यालयहरुको कक्षा शिक्षण अवलोकनमा सामुदायिक विद्यालयका शिक्षकमा र विद्यार्थीहरुवीच दुईतर्फी संचार(Two way communication) को माध्यमवाट शिक्षण भएको थिएन । साथै सामुदायिक विद्यालयका शिक्षकहरुमा “सरकारी काम कैले जाला घाम” भन्ने जस्तै कक्षा शुरु भएको लामो समय सम्म पनि शिक्षणमा नगएको पाइन्थ्यो । कक्षा शिक्षणमा चक र डस्टर वाहेकका शैक्षणीक सामाग्री केही प्रयोग गरिएको पाइएन । संस्थागत विद्यालयमा भने शिक्षकहरुले शैक्षिक सामाग्रीको आधारमा नै व्यावहारिक तवरवाट अध्यापन गरेको पाइयो । संस्थागत विद्यालयका शिक्षकहरु प्रश्तुति कडा थियो । दुवै किसिमका विद्यालयहरुका शिक्षकहरुले पाठ योजना (Lesson Plan) शिक्षण गर्ने गरेको वताएका थिए ।

### ४.२.४ कक्षाकोठा व्यवस्थापनमा विद्यार्थीको स्थान

कक्षाको व्यवस्थापनलाई प्रभावकारी वनाउँन प्राय संस्थागत विद्यायहरुमा विद्यार्थीहरुका लागि मनिटरको व्यवस्था गरी अनुशासन कायम गराउँन खोजिएको कक्षाकोठाहरुमा समूह क्रियाकलापलाई जोड दिइएको विद्यार्थीहरुलाई वढी सक्रिय गराउँने प्रयास भएको शिक्षण सिकाई

क्रियाकलापमा प्रयोगात्मक विधि अवलम्वन गरिएको उमेर र तह अनुसार फर्निचर, कालोपाटी र अन्य शैक्षिक सामग्री र खेलकूद सामग्ीहरुको व्यवस्था गरिएको, विद्यार्थीको रुचि, आवश्यकता र क्षमतालाई ध्यान दिएर अध्यापन कार्य अघि वढाइएको विद्यार्थीद्धारा निर्माण र सिर्जना गरिएको सामग्री र कृतिहरुको प्रदर्शन गर्ने व्यवस्था कक्षा कोठाभित्र नै मिलाइएको, विद्यार्थीका व्यक्तिगत विभिन्नता पहिचान कार्य प्रयास गरिएको, विद्यार्थीहरुलाई समय समयमा कक्षाकोठामा सांगितिक रुपमा रचनात्मक तथा सिर्जनात्मक कृयाकलापहरु भएका थिए । समूहको नेतृत्व विद्यार्थीलाई दिने गरेको विद्यार्थीले वताएका थिए । विभिन्न कार्यक्रमहरुद्धारा कक्षाकोठाव्यवस्थापनलाई प्रभावकारी वनाउँन खोजिएको पनि शिक्षकशरु वाट प्राप्त भएको थियो । सामुदायिक विद्यालयहरुमा भने अनुगमन, निरीक्षण र सवैलाई सहभागितात्मक रुपमा सहभागी गराएर काम गर्नु पर्दछ भन्ने सोच नहुँदा तलिमप्राप्त शिक्षक तथा प्र.अ.हरु भएतापनि उपर्युक्त कुराहरु कागजमा वा वार्षिक कार्य योजनामा मात्र सीमित राखिएको अध्ययनवाट देखिएको थियो । यस सम्वन्धमा शिक्षक तथा प्र.अ.हरुसँग छलफल गर्दा, आर्थिक अभाव अभिभावकहरुवाट विद्यालय र आफ्ना वालवालिकाप्रति चासो कम भएको वालवालिका सभ्य र अनुशासित हुन नसक्दा र तल्लो तहका वालवालिकाहरुसग सिप र ज्ञानको विकाश नहुनाले पनि त्यसलाई परिचालन गर्न नसकिएको उत्तरहरु आएका थिए ।

### ४.२.५ शिक्षक विद्यार्थी अनुपात

विद्यालयमा एक शिक्षक वरावर कति विद्यार्थी पर्न आउछ त्यसलाई शिक्षक विद्यार्थी अनुपात भनिन्छ । कक्षाकोठाको व्यवस्थापनमा शिक्षक विद्यार्थी अनुपात पनि एक महत्वपूर्ण पक्ष हो । संस्थागत तथा सामुदायिक माध्यमिक विद्यालयहरुको अध्ययनवाट सामुदायिक विद्यालयहरुको तुलनामा संस्थागत विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात कम रहेको पाइएको छ । संस्थागत विद्यालयहरुमा शिक्षण शुल्क अनिवार्य पोशाकको व्यवस्था, विद्यार्थीहरुका लागि शैक्षिक र स्टेशनरी सामग्रीको अनिवार्यता र अन्य नियमहरुको परिपालन गर्नुपर्ने कारणले सामान्य परिवारले संस्थागत विद्यालयमा पढाउन नसक्ने हुनालेपनि सामुदायिक विद्यालयमा विद्यार्थीको चाप भएको पाईन्छ । नाम चलेका सुविधा सम्पन्न संस्थागत विद्यालयहरुमा भने विद्यार्थीहरुको चाप भने थेग्न नसक्ने रहेको पाईन्छ तर त्यस्ता विद्यालयहरुले शिक्षक विद्यार्थी अनुपातलाई ध्यान दिएर ३०-४० जना विद्यार्थी हुना साथ अर्को सेक्सनको व्यवस्था गरेको अध्ययनवाट देखियो । तर सामुदायिक विद्यालयहरुमा सेक्सनको व्यवस्था गरिएपनि १ सेक्सनमा ६०,७० विद्यार्थी रहेको पाईयो भने कतिपय विद्यालयहरुमा आर्थिक अभावका कारण सेक्सन खोल्न नसकिएको र विद्यार्थीहरु ७० भन्दा

वढी नै रहेको पाइयो । अध्ययनको छनौटमा परेका सामुदायिक विद्यालयहरुवाट प्राप्त भएको तथ्यांङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालय तर्फ चितवन उच्च मा.वि. भरतपुरमा शिशु देखि कक्षा ५ सम्म  विद्यार्थी संख्या जम्मा ३७७ रहेको र  शिशु र १ कक्षामा २-२ सेक्सन रहेको पाइयो भने अन्यमा १-१ वटा मात्र सेक्सन रहेको पाइयो । शिशु देखि कक्षा ५ सम्म का ३७७ विद्यार्थीलाई पढाउन ११ जना शिक्षक संख्या रहेको पाइयो । विद्यालयको शिक्षक विद्यार्थी अनुपात ३४.२७ रहेको छ । त्यस्तै रा.प्रा.वि.नदी किनारमा शिशु देखि कक्षा ५ सम्म विद्यार्थी संख्या जम्मा ३९४ रहेको र  शिशु, १, २, ३, ४ र ५मा क्रमश ७५, ६८, ८४, ६०, ६१ र ४६ रहेको पाइए तापनि कुनै पनि कक्षामा  सेक्सनहरु रहेको पाइएन । शिशुदेखि कक्षा ५ सम्मका ३९४ विद्यार्थीलाई पढाउन ८ जना शिक्षक संख्या रहेको पाइयो । विद्यालयको शिक्षक विद्यार्थी अनुपात ४९.२५ रहेको छ । यस तथ्याङ्कको विष्लेषणलाई तालिका नं १ मा तालिकीकरण गरी देखाइएको छ ।

तालिका नं. १

सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात

| क्र.सं. | विद्यालय | कक्षा | विद्यार्थी संख्या | सेक्सन | शिक्षक संख्या | अनुपात |
|---|---|---|---|---|---|---|
| | | शिशु | ६९ | २ | २ | |
| | | १ | ७० | २ | २ | |
| १ | चितवन उच्च | २ | ६८ | १ | | ३४.२७ |
| | मा. वि | ३ | ६१ | १ | ७ | |
| | | ४ | ५९ | १ | | |
| | | ५ | ६० | १ | | |
| | | जम्मा | ३७७ | ८ | ११ | |
| | | शिशु | ७५ | १ | | |
| २ | रा.प्रा.वि | १ | ६८ | १ | | |
| | नदी किनार | २ | ८४ | १ | ८ | ४९.२५ |
| | | ३ | ६० | १ | | |
| | | ४ | ६१ | १ | | |
| | | ५ | ४६ | १ | | |
| | | जम्मा | ३९४ | ६ | ८ | |

सेक्सन  विद्यार्थी अनुपात ५५.०७

शिक्षक विद्यार्थी अनुपात  ४०.५८

*स्रोत :- विद्यालयहरुको अभिलेख (२०६४)*

वाल्मीकी शिक्षा सदन कृष्णपुरमा नर्सरी देखि कक्षा ५ सम्म विद्यार्थी संख्या जम्मा ७५५, नर्सरी र केजी कक्षामा ४-४ वटा सेक्सनहरु रहेको पाइयो भने अन्यमा ३-३ वटा सेक्सनहरु रहेको पाइयो । नर्सरी देखि कक्षा ५ सम्मका ७५५ विद्यार्थीलाई पढाउन ३९ जना शिक्षक संख्या रहेको पाइयो । सो विद्यालयको शिक्षक विद्यार्थी अनुपात १९.३६ रहेको छ । त्यस्तै अरोमा ई. स्कुल भरतपुरमा भने नर्सरी देखि कक्षा ५ सम्म विद्यार्थी संख्या जम्मा २२३ रहेको पाइयो । विद्यार्थी संख्या जम्मा २२३ रहेको र केजीमा मात्र २ वटा सेक्सन रहेको पाइयो भने अन्य कुनै पनि कक्षामा सेक्सनहरु रहेको पाइएन । नर्सरी देखि कक्षा ५ सम्मका २२३ जना विद्यार्थीलाई शिक्षण गर्न १० जना शिक्षक संख्या रहेको पाइयो । सो विद्यालयको शिक्षक विद्यार्थी अनुपात २२.३ रहेको छ ।

तालिका नं. २

संस्थागत विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात

| क्र.सं | विद्यालय | कक्षा | विद्यार्थी संख्या | सेक्सन | शिक्षक संख्या | अनुपात |
|---|---|---|---|---|---|---|
| १ | वाल्मीकी शिक्षा सदन कृष्णपुर | नर्सरी | १०६ | ४ | ४ | १९.३६ |
| | | केजी | १०६ | ४ | ४ | |
| | | १ | १०३ | ३ | ३१ | |
| | | २ | १०० | ३ | | |
| | | ३ | १०८ | ३ | | |
| | | ४ | ११२ | ३ | | |
| | | ५ | १२० | ३ | | |
| | | जम्मा | ७५५ | २३ | ३९ | |
| २ | अरोमा इं स्कुल भरतपुर | नर्सरी | ३० | १ | १ | २२.३ |
| | | केजी | ४४ | २ | २ | |
| | | १ | २५ | १ | ७ | |
| | | २ | ३० | १ | | |
| | | ३ | ३२ | १ | | |
| | | ४ | ३८ | १ | | |
| | | ५ | २४ | १ | | |
| | | जम्मा | २२३ | ८ | १० | |

संस्थागत विद्यालयको सेक्सन विद्यार्थी अनुपात ३१.५५

संस्थागत विद्यालयको शिक्षक विद्यार्थी अनुपात १९.९६ *स्रोत :- विद्यालयहरुको अभिलेख(२०६४)*

तथ्याङ्क विश्लेषणको आधारमा पनि के भन्न सकिन्छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमध्ये वाल्मीकी शिक्षा सदन कृष्णपुरमा तुलनात्मक रुपमा विद्यार्थी संख्या वढी हुनाका साथै शिक्षक संख्या पनि अधिक नै रहेको हुँदा शिक्षक विद्यार्थी अनुपात कम देखिन्छ । विद्यार्थी संख्याको तुलनामा सामुदायिक विद्यालयहरुमा सेक्सन विद्यार्थी अनुपात संख्या ५५.०७ रहेको पाइन्छ भने शिक्षक विद्यार्थी अनुपात भने ४०.५८ रहेको अध्ययनवाट देखिन्छ । संस्थागत विद्यालयमा भने विद्यार्थी संख्या धेरै वा थोरै जे भए पनि सेक्सन विद्यार्थी अनुपात ३१.५५र शिक्षक विद्यार्थी अनुपात २२.३ रहेको छ । जुन कक्षाकोठा व्यवस्थापनको एउटा राम्रो पक्ष मान्न सकिन्छ र शिक्षण सिकाई प्रभावकारी हुने हुँदा शैक्षिक उपलव्धी पनि सोही अनुरुपमा वढी भएको पाइन्छ । प्रतिसेक्सन विद्यार्थी संख्या र शिक्षक विद्यार्थी अनुपातलाई यसरी हेर्न सकिन्छ ।

तालिका नं. ३

प्रतिसेक्सन विद्यार्थी संख्या र शिक्षक विद्यार्थी अनुपात

| क. सं | विवरण | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १ | प्रति सेक्सन विद्यार्थी संख्या | ५५.०७ | ३१.५५ |
| २ | शिक्षक विद्यार्थी अनुपात | ४०.५८ | १९.९६ |

*स्रोत :- तलिका नं.१ र २को तुलनावाट*

### ४.२.६ तालिम प्राप्त-अप्राप्त शिक्षकको तुलनात्मक अध्ययन

तालिम प्राप्त शिक्षकले शिक्षण सिकाई क्रियाकलापमा विभिन्न कौशलहरुको प्रयोग गरी विद्यार्थीहरुमा उत्प्रेरण जगाउँने कार्य गर्न सक्दछन् । सोही मुताविक शिक्षा विभागले शिक्षकहरुलाई विभिन्न प्रकारका तालिमहरुको व्यवस्था गर्दै आएको छ । सरकारले गरेको लगानी अनुरुप शिक्षकमा जुन कौशलता आउनु पर्ने हो त्यो भने विद्यार्थी उपलव्धीको आधारलाई हेर्दा आएको देखिदैन । सोही समस्याको वारेमा तुलनात्मक अनुसन्धान गरी अवस्था पत्ता लगाउन सामुदायिक र संस्थागत विद्यालयका तालिम प्राप्त-अप्राप्त शिक्षकको तुलनात्मक अध्ययन गरिएको छ ।

तालिका नं. ४

संस्थागत विद्यालय शिक्षक तालिम प्राप्त-अप्राप्त अनुपात

| विद्यालय | ता. प्रा. | ता.अ. | जम्मा | ता. प्रा. % | ता.अ % |
|---|---|---|---|---|---|
| वाल्मीकि | १९ | २० | ३९ | ४८.७२ | ५१.२८ |
| अरोमा | ३ | ७ | १० | ३० | ७० |
| जम्मा | २२ | २७ | ४९ | ४४.९० | ५५.१० |

*स्रोत :- विद्यालयहरुको अभिलेख (२०६४)*

यहाँ छनौट गरिएका संस्थागत विद्यालयहरु मध्ये वाल्मीकी शिक्षा सदन कृष्णपुरमा ३९ शिक्षक मध्ये १९ जना तालिम प्राप्त र २० जना तालिम अप्राप्त हुदा तालिम प्राप्त शिक्षक प्रतिशत ४८.७२ र तालिम अप्राप्त शिक्षक प्रतिशत ५१.२८ रहेको देखिन्छ । त्यसै गरी अरोमा ई. स्कुल भरतपुरमा भने १०जनामा ३ जना तालिम प्राप्त र ७ जना तालिम अप्राप्त शिक्षक रहेकोले तालिमप्राप्त शिक्षक अत्यन्त कम रहेको पाइन्छ ।

तालिका नं. ५

सामुदायिक विद्यालय शिक्षक तालिम प्राप्त-अप्राप्त अनुपात

| विद्यालय | ता. प्रा. | ता.अ. | जम्मा | ता. प्रा. % | ता.अ % |
|---|---|---|---|---|---|
| चितवन | ६ | ५ | ११ | ५४.५५ | ४५.४५ |
| नदीकिनार | ४ | ४ | ८ | ५०.० | ५०.० |
| जम्मा | १० | ९ | १९ | ५२.६३ | ४७.३७ |

*स्रोत :- विद्यालयहरुको अभिलेख (२०६४)*

यस अध्ययनको छनौटमा परेका सामुदायिक विद्यालयहरुमा भने चितवन उच्च मा.वि. भरतपुरमा प्रा.विमा कार्यरत रहेका ११ शिक्षक शिक्षिका मध्ये ६जना तालिमप्राप्त हुँदा ५४.५५ प्रतिशत देखिन्छ भने ५जना शिक्षक तालिम अप्राप्त रहदा ४५.४५ प्रतिशत देखिन्छ । त्यस्तै रा.प्रा.वि.नदी किनार नारायणगढमा कार्यरत ८जना मध्ये ४जना तालिम प्राप्त र ४ जना तालिमप्राप्त र अप्राप्त शिक्षकहरुको प्रतिशत वरावर रहेको देखिन्छ ।

तालिका नं. ६

संस्थागत तथा सामुदायिक विद्यालय शिक्षक तालिम प्राप्त-अप्राप्त अनुपात

| विद्यालय | ता. प्रा. | ता.अ. | जम्मा | ता. प्रा. % | ता.अ % |
|---|---|---|---|---|---|
| संस्थागत | २२ | २७ | ४९ | ४४.९० | ५५.१० |
| सामुदायिक | १० | ९ | १९ | ५२.६३ | ४७.३७ |

*स्रोत :- विद्यालयहरुको अभिलेख (२०६४)*

यस अध्ययनमा लिईएका दुई संस्थागत विद्यालयहरुमा कार्यरत ४९ जना शिक्षकहरुमध्ये २२ जना शिक्षक तालिम प्राप्त हुदा ४४.९० प्रतिशत तालिम प्राप्त र २७ जना शिक्षक शिक्षकाहरु तालिम अप्राप्त भएको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा कार्यरत १९ जना शिक्षक शिक्षिका मध्ये १०जना तालिम प्राप्त र ९जना शिक्षक तालिम अप्राप्त भएको देखिन्छ ।

सामुदायिक विद्यालयमा तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षक शिक्षकाहरु वढी भएको पाइयो भने संस्थागत विद्यालयमा तालिम प्राप्त भन्दा तालिम अप्राप्त शिक्षक शिक्षकाहरु वढी भएको पाइयो । माथिको तथ्यको आधारमा तालिम प्राप्त शिक्षकलाई आधार लिंदा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर र उपलव्धि राम्रो हुनुपर्ने देखिन्छ ।

### ४.२.७ शैक्षिक उपलव्धिको तुलनात्मक अध्ययन

शिक्षकले कक्षा शिक्षण गर्दा उचित शिक्षण विधिको प्रयोग उद्देश्य अनुरुप शिक्षण, विद्यार्थीको रुचि र आवश्यकतालाई वुझेर प्रभावकारी शिक्षण गर्नु पर्दछ । प्रभावकारी शिक्षणको लागि उचित कक्षाकोठा व्यवस्थापन हुनु जरुरी पर्दछ । अध्ययनको क्रममा प्रथमिक तह उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई आधार लिन कक्षा ५को उत्तीर्ण प्रतिशतलाई अध्ययन गरिएको थियो जसमा संस्थागत तथा सामुदायिक विद्यालयको तुलना गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलव्धी उच्च रहेको पाइन्छ । संस्थागत विद्यालयहरुको उत्तीर्ण प्रतिशत ९७.२२ रहेको छ भने सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत ९१.५१ रहेको पाइन्छ । यस तथ्यले पनि भन्न सकिन्छ कि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलव्धी उच्च छ ।  यसलाई तालिका नं. ७ मा देखाईएको छ ।

तालिका नं. ७

संस्थागत तथा सामुदायिक विद्यालयको शैक्षिक उपलव्धिको तुलना

| प्रकार | विद्यालय | जम्मा विद्यार्थी | कक्षा दोहर्‍याउने | उतिर्ण | कक्षा दोहर्‍याउने % | उतिर्ण % |
|---|---|---|---|---|---|---|
| सामुदायिक | चितवन उ.मा.वि | ६० | ५ | ५५ | ८.३३ | ९१.६७ |
| | रा.प्रा.वि नदीकिनार | ४६ | ४ | ४२ | ८.७० | ९१.३० |
| *जम्मा* | सामुदायिक | *१०६* | *९* | *९७* | *८.४९* | *९१.५१* |
| संस्थागत | वाल्मीकि | १२० | २ | ११८ | १.६७ | ९८.३३ |
| | अरोमा | २४ | २ | २२ | ८.३३ | ९१.६७ |
| जम्मा | संस्थागत | १४४ | ४ | १४० | २.७८ | ९७.२२ |

*स्रोत :- विद्यालयहरुको अभिलेख (२०६४)*

### ४.२.८ फर्निचर व्यवस्थापन र विद्यार्थी वसाईको व्यवस्था

कक्षाकोठामा स्तरयुक्त सजिला र राम्रा फर्निचरहरु राख्नुपर्छ । फर्निचर व्यवस्थापन गर्दा विद्यार्थीको उचाई र संख्यालाई हेरी कक्षामा मिलाउनु पर्छ फर्निचर राख्दा विद्यार्थी सजिलै वस्न सक्ने, वस्दा सजिलो हुने र आउँन जान सक्ने ठाउँलाई ध्यान दिनु राम्रो हुन्छ । विद्यार्थीको उचाई र फर्निचरको उचाईविच समन्वय हुनु पर्ने देखिन्छ । प्रा.वि. तहमा वेन्चको उचाई १६" डेस्कको उचाई २२"। नि.मा.वि. र मा.वि. तहको लागि वेन्चको उचाई २२" डेस्कको उचाई २६" को हुनु पर्दछ । फनिर्चरहरु सुविधा युक्त हुनु पर्दछ ।

कतिपय सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या वढी र त्यसको तुलनामा फर्निचर, कमहुनु र वैज्ञानिक कक्षाकोठाको साईज नहुदा विद्यार्थीको तुलनामा शिक्षक संख्यको कमीको कारणले एउटै कक्षाकोठामा धेरै विद्यार्थीहरु राख्नु पर्ने वाध्यताकै कारणवाट एउटै वेञ्चमा कम्तीमा ४ जना र वढीमा ५ जना विद्यार्थीहरु राख्नु परेको यथार्थता महसुस भयो । वेच्चहरुको रखाई वैज्ञानिक पाईएन सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुका वीचमा गरिएको अधिकांश लक्षित समूह छलफल (Focus group discussion) को क्रममा पनि उनीहरुले वसाईको व्यवस्था अव्यवस्थित भएको, लेख्ने क्रममा कुहिना जोडिनाले अप्ठेरो हुने, वेञ्च डेस्कहरुको रखाई खांदिलो भएकोले सीटमा वस्न जान आउनको असुविधा भएको, एक जना कुनाको विद्यार्थी वाहिर निस्कदा गल्ली तर्फका सवै जना वाहिरका निस्कनु पर्ने अवस्था रहेका वताएका थिए । सामुदायिक तर्फ चितवन उ.मा.वि र संस्थागत विद्यालयको वाल्मीकि शिक्षा शदनमा तल्लो तहका कक्षाहरुमा भने विद्यार्थीको वसाई व्यवस्था गोलाकार देखिन्थ्यो ।

संस्थागत विद्यालयहरुमा तुलनात्मक रुपमा विद्यार्थी कम ३ वा ४ जना विद्यार्थीको लागि एक वेञ्च र डेस्कको व्यवस्था गरिएको , कतिपय संस्थागत विद्यालयहरुमा त विद्यार्थीहरुको सुविधाको लागि अलग प्रकारको फर्निचरको व्यवस्था भएको । तर कमजोर आर्थिक अवस्था भएका अरोमा ई. स्कुल मा भने त्यस्तो सुविधा पाईएन । वाल्मीकि शिक्षा सदनमा विद्यार्थीहरुलाई प्रदान गरिएको सुविधाको आधारमा पनि सिकाईमा सकारात्मक परिवर्तन आउन सक्ने, त्यस्तै गरी सामुदायिक विद्यालयमा पनि सुविधा प्रदान गरेमा त्यस किसिमको परिवर्तन आउदो रहेछ भन्ने उत्तर सामुदायिक तर्फ चितवन उ.मा.वि का प्र अ. वाट प्राप्त भयो ।

### ४.२.९. विद्यालयको व्यवस्थापन र कक्षाकोठाको वातावरण

अध्ययनको क्रममा छनौट गरिएका विद्यालयहरुको अवलोकन फारमको आधारमा अध्ययन गर्दा सामुदायिक विद्यालय चितवन मा.वि.को पक्की भवन, शौचालय, प्रयोगशाला, पिउने पानी, विद्यालयको स्वामित्वमा रहेको जग्गा लगायतका धेरै जसो भौतिक व्यवस्था नियमवली २०५९ मा व्यवस्था भए वमोजिमको रहेको तर पुस्तकालय, शिक्षक आवास तथा छात्रावासको व्यवस्था नभएको भने संस्थागत विद्यालय वाल्मीकि शिक्षा सदनमा पक्की भवन र जस्ताको छाना भएको । त्यसैगरी संस्थागत विद्यालय अरोमा इ.स्कुलमा भौतिक वस्तुको उपलब्धता पर्याप्त नरहेको । सामुदायिक विद्यालय रा.प्रा.वि नदी किनारको भौतिक वस्तुको उपलब्धता पनि पर्याप्त रुपमा रहेको पाइएन । यसरी हेर्दा आर्थीक रुपले कम सम्पन्न सामुदायिक र संस्थागत विद्यालयमा भन्दा आर्थीक रुपले सम्पन्न सामुदायिक र संस्थागत विद्यालयमा भौतिक वस्तुको उपलब्धता र व्यवस्थापन राम्रो नभएको । अध्ययनको क्रममा सम्पन्न विद्यालयको कक्षाकोठा व्यवस्थापन सवल रहेको ।

### ४.२.१० कक्षाकोठाको निर्माण

विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको निर्माण गरिनु उपयुक्त हुन्छ । हाम्रो जस्तो भौगोलिक विकटता भएको मुलुकमा निश्चित यति नै विद्यार्थी राखिनु पर्छ भन्ने नियम उपयुक्त नहुन सक्छ । सामान्यतया ५० जना विद्यार्थीका लागि ३२ फिट - १७ फिटको कोठालाई नेपाल सरकारले उपयुक्त मानेको पाइन्छ । यो स्रोत पनि पुरानो भएको हुदा वैज्ञानिक सोचका साथ निर्माण गरिनु पर्दछ तर नेपालका कतिपय संस्थागत तथा सामुदायिक विद्यालयहरुमा त्यस सोचलाई लिएर कक्षाकोठाको निर्माण गरिएको छैन ।

वर्तमान समयमा कतिपय सामुदायिक तथा संस्थागत विद्यालयकका कक्षाकोठाहरु अवैज्ञानिक खालमा निर्माण भएका छन् । नाप अनुसारका वेन्च डेस्कहरु दुईतर्फि मिलाएर राख्दा वीचमा ओहरदोहर गर्ने वाटो अलिकति साँगुरो भएको पाईनुका साथै वैज्ञानिक नापमा कक्षाकोठाका भवनहरु निर्माण भएका छैनन् । समयको परिवर्तन सँगसगै कतिपय सम्पन्न सामुदायिक विद्यालयहरले भने वेञ्च डेस्कहरु मिलाएर राख्दा शिक्षक र विद्यार्थी ओहर दोहर गर्न सक्ने वाटो प्रशस्त भएको कक्षाकोठाको निर्माण गरेको पाइन्छ । अध्ययनको क्रममा चितवनको चितवन उच्च मा.वि मा त्यस किसिमको वातावरण भएको भवन निर्माण रहेको । त्यस्तै संस्थागत विद्यालयहरुको

अध्ययन गर्दा आफ्नो जग्गामा भवन भएका वाल्मीकि शिक्षा सदन विद्यालयमा भने कक्षाकोठामा वेञ्च, डेस्कहरु मिलाएर राखेर विचमा हिंडन सक्ने वाटोका साथै वैज्ञानिक तवरवाट भवन निर्माण भएको तर आफ्नो जग्गामा भवन नभएका सस्थागत विद्यालय अरोमाको कक्षाकक्षाकोठाको निर्माण भने त्यति सन्तोष जनक भएको देखिएन ।

### ४.२.११ कक्षाकोठामा प्रकाश र तापक्रम

कक्षाकोठामा आवश्यक प्रकाशको व्यवस्था हुनुपर्छ । सामान्यतया कक्षाकोठाको आकार अनुसार प्रकाशका लागि भूईको क्षेत्रफलको २० प्रतिशतको झ्याल राखिने गरिन्छ । कक्षाकोठामा प्रकाशको व्यवस्था गर्दा विद्यार्थीको अनुहारमा सिधा सूर्यको प्रकाश पर्नु हुँदैन । त्यस्तै कालोपाटी, फलाटिन वोर्ड तथा कक्षा क्रियाकलाप गर्ने ठाउँमा सिधा प्रकाश परेर टल्कनु हुँदैन । कक्षाकोठा ज्यादा चिसो, ज्यादा तातो नभई सुहाउँदो तापक्रमको हुनुपर्छ । यसले विद्यार्थी स्वस्थ हुने, क्रियाशील हुने र शिक्षण प्रभावकारी हुने गर्छ । सामान्यतया कक्षाकोठामा ६८-७५ फरेनहाइट तापक्रम र सापेक्षित आर्द्रता ४०-५०% उपयुक्त मानिन्छ ।

कक्षाकोठामा प्रकाशको व्यवस्थाको लागि सुविधा सम्पन्न विद्यालयहरु सामुदायिक विद्यालयमा चितवन माध्यमिक विद्यालय र संस्थागत विद्यालय वाल्मीकि शिक्षा सदनमा सो सम्वन्धि वातावरण रहेको पाइए पनि चितवनमा रहेका विद्यालयहरुले सरकारी मापदण्ड अनुसारको ताक्रमलाई भने अनुकुलन गर्न सकेको पाइदैन । सामुदायिक विद्यालय रा.प्रा.वि नदीकिनार र संस्थागत विद्यालय अरोमा ई. स्कुलमा प्रकाश र तापक्रममा उपयुक्त वातावरण रहेको पाइएन । यस अध्यनवाट हेर्दा सस्थागत र सामुदायिक विद्यालयको विच सम्पन्नता र कम सम्पन्नताले वातावरणलाई प्रभाव पारेको पाइन्छ ।

छनौटमा परेका कतिपय सामुदायिक विद्यालयका कक्षाकोठाहरुमा झ्याल ढोकाहरु पुराना र जीर्ण भई मर्मत नगर्नाले, खुला रहने स्थितिको कारणवाट हावापानी आउँदा पढाइ अवरुद्ध हुने, टिनको छानाको कारण पानीपर्दा हल्ला हुने र गर्मीयाममा अत्यन्त गर्मी भई पसिना आउँने यथार्थता शिक्षक तथा विद्यार्थीहरुवाट प्रष्ट भयो । यो समस्या संस्थागत विद्यालयहरुमा पनि देखियो । तर वाल्मीकी शिक्षा सदन संस्थागत विद्यालयहरुमा सिमेन्टको ढलान भएको छाना र समयमै झ्याल ढोका मर्मत गरिने कारणवाट यस्तो समस्या कम मात्रामा आउने अध्ययनवाट प्राप्त भयो ।

### ४.२.१२ कालोपाटीको व्यवस्थापन

ओभरहेड प्रोजेक्टर, स्याटलाईट र अन्य श्रव्यदृश्य सामग्रीको अभाव भएको ठाउँमा कालोपाटी शिक्षण सिकाईको एउटा महत्वपूर्ण माध्यम हो । त्यसैले कालोपाटीको व्यवस्था गर्दा सवैले देख्ने प्रकाश नटल्कने विद्यार्थीको आँखाको समानान्तर, विद्यार्थीले पनि लेख्न सक्ने हरियो वा कालो रङ लगाएको र लेखेको कुरा स्पष्टसँग देखिने हुनुपर्छ । कालोपाटी प्रयोग विना हाम्रो जस्तो वातावरणमा कक्षा शिक्षा शिक्षण संभव हुन सक्दैन । सामान्यतया कालोपाटी वनाउँदा ३ फिट चौडाई र ५ फिट लम्वाईको आकारलाई उपयुक्त मानिन्छ । कालोपाटीको व्यवस्थापन गर्दा सवै विद्यार्थीले देख्न सक्ने गरी आँखाको समानान्तर हुनेगरी अर्थात् भूईवाट १ मीटर उचाइवाट राख्नुपर्छ । कक्षाकोठाको व्यवस्थापनमा कालोपाटीको व्यवस्थापन पनि एक महत्वपूर्ण पक्ष हो । वर्तमान समयमा सनमाइका वोर्डको प्रयोग वढ्दै गईरहेको हुदा त्यसको प्रयोगलाई महत्व दिएको उत्तर प्राप्त भयो ।

अध्ययनको क्रममा सामुदायिक र संस्थागत प्राथमिक विद्यालयहरुको चालु कक्षाहरु अवलोकन गरियो । अवलोकनको क्रममा अधिकांश विद्यालयहरुमा सिमेण्टवाट वनेको कालोरंग लगाइको चकवोर्डनै पाइयो । तर केही संस्थागत विद्यालयहरुको कक्षाकोठाहरुमा भने कालोपाटीको ठाउँमा सनमाइका वोर्ड प्रयोग गरिएको पाइयो । कतिपय सामुदायिक विद्यालयहरुमा र संस्थागत विद्यालयमा पनि कोठाको आकार सानो र विद्यार्थी संख्या वढी हुनाका कारणले कालोपाटी र विद्यार्थी वस्ने वेञ्च, डेस्कको वीचमा जति खाली ठाउँ रहनुपर्ने हो सो नरहेको हुनाले शिक्षकलाई खुलेर पढाउँन अप्ठेरो परेको, शैक्षिक सामग्री राख्न र प्रदर्शन गर्नमा व्यवधान आइपरेको कुरा कक्षा अवलोकनको क्रममा कक्षा शिक्षकवाट अवगत पनि भयो । यस्तो अवस्था र समस्या संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा वढी भएको अवलोकनवाट प्राप्त भयो । अन्तर्राष्ट्रिय मान्यता अनुसार कालोपाटीको नाप ३ फिट, ५ फिट र भूईवाट १ मीटर माथि हुनुपर्ने छ । तर यो नाप मान्यता अनुसार मिल्ने गरी सवै विद्यालयका सवै कक्षाकोठामा कालोपाटी राखिएको पाइएन । यसको सम्वन्धमा शिक्षकहरुसँग प्रश्न गर्दा ठाउँको अवस्था र आवश्यकता अनुसार नापमा थपघट गरिएको कुरा प्राप्त भयो ।

विद्यार्थीहरुसंगको छलफलको क्रममा पनि विशेषगरी सामुदायिक विद्यालयका विद्यार्थी भाइवहिनीहरुवाट कालोपाटी नजिक भएको कारणवाट कालोपाटी मेट्दा अगाडि वस्ने २ वटा वेञ्चका लहरहरुमा चकको धुलो शरीर भरि पर्ने दुखेसो प्रकट गरे भने शिक्षकहरुवाट कालोपाटीमा

लेख्दै जाँदा छेउवाट सिधा खुलारुपमा फर्कन खाली ठाउँको अभावको कारणवाट नसकिने यथार्थता वताउनु भयो । अधिकांश सामुदायिक विद्यालयहरुमा कालोपाटी पुछ्नको लागि या त फोम या त वुरुश प्रयोग गरिएकोले पुछ्ने क्रममा धुलो वाहिर वढी उड्ने समस्या आएको देखियो । सस्थागत विद्यालयहरु विद्यालय प्रशासनले सम्वन्धित निकायवाट सामुदायिक विद्यालयप्रति ध्यान केन्द्रित गर्न सकेमा कक्षाकोठा व्यवस्थापन स्थितिलाई निकै सुधार गर्न सकिने अनुसन्धानवाट पाइएको छ ।

### ४.२.१३ शैक्षिक सामग्री र त्यसको प्रदर्शनको व्यवस्था

सिकाईलाई व्यवहारिक र उद्देश्यमूलक वनाउन शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । शैक्षिक सामग्रीहरु मुद्रित, श्रव्य, दृश्य र श्रव्यदृश्य गरी ४ किसिमका हुन्छन् । शैक्षिक सामग्रीको प्रयोग लाई लिएर एक नारा वनाईएको छ । If I hear I forget. , If I see I remember. / If I do I understand. यसवाट के भन्न सकिन्छ भने सिकाईलाई मूर्तरुप र धारणा विद्यार्थी समक्ष पुऱ्याउने शिक्षकको हतियार नै शैक्षिक सामग्री हो । कक्षाकोठाको सफल कक्षाकोठा व्यवस्थापनको लागि शैक्षिक सामग्रीको प्रयोग र प्रदर्शनले महत्वपूर्ण भूमिका राखेको हुन्छ ।

अध्ययन अनुसन्धानको क्रममा सामुदायिक विद्यालयहरुको कक्षाकोठामा शैक्षिक सामग्री र त्यसको प्रदर्शनको अध्ययन गर्दा के देखिन्छ । भने विद्यालयमा शैक्षिक सामग्री पर्याप्त मात्रामा नदेखिएको, भएका सामग्री पनि शिक्षकहरुवाट कमै मात्रामा प्रयोग हुने गरेको, कक्षाकोठामा पनि कालोपाटीको छेउमा शैक्षिक सामग्री राख्ने र झुण्ड्याउन कुनै व्यवस्था नगरिएको पाइयो । यसवारेमा कक्षा शिक्षकहरुसँग जिज्ञासा राख्दा शैक्षिक सामग्री निर्माण गर्न समय अपुग हुने दिनमा ६-७ पिरियड पढाउनु पर्दा थकित हुनाले त्यसतर्फ ध्यान दिन नसकिएको प्रतिक्रिया प्राप्त भयो । त्यस्तै वजारवाट खरीद गर्ने शैक्षिक सामग्रीको लागि आर्थिक अभाव आदि कारणहरु देखाई शिक्षकहरु पन्छने प्रयास गरिएको पाइयो । यस वारेमा प्र.अ.हरुसँग छलफल गर्दा अधिकांश प्र.अ.हरुवाट शैक्षिक सामग्री खरीद गर्न सरकारवाट प्राप्त मसलन्द खर्च अपुग हुने विद्यार्थहिरुसँगवाट सो रकम जुटाउँन विभिन्न कारणहरुवाट नसकिने जस्ता गुनासाहरु आए । स्थानिय रुपमा पाइने शैक्षिक सामग्रीको लागि विषय शिक्षकले नै निर्माण गर्नुपर्ने र सो कुरा विषय शिक्षकको आफ्नो विषयप्रतिको उत्तरदायित्व भित्र पनि पर्ने हो भन्ने जस्ता कुराहरु प्र.अ. वाट प्राप्त भएका थिए ।

त्यस्तै संस्थागत विद्यालयहरुका कक्षाकोठाको अवलोकन गर्दा शैक्षिक सामग्रीहरु प्रदर्शन गर्नको लागि ठाउँको व्यवस्था कक्षाकोठामा गरिएको, शैक्षिक सामग्रीहरु पनि सामुदायिक विद्यालयहरुको

तुलनामा प्रयोग गरेको देखिएको, कक्षाकोठामा पनि केही शिक्षाविद एवं साहित्यकारका उद्‌गार एवं भनाईहरु राखिएको, विद्यार्थीहरुमा पनि शैक्षिक सामग्रीप्रति चासो भएको पाइयो । यसवाट के तथ्य प्राप्त गर्न सकिन्छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोग, प्रदर्शन र त्यसको व्यवस्था भएको देखियो । विद्यालयका संस्थापक तथा प्रशासन तर्फवाट पनि वढी नै यस सम्वन्धमा रेखदेख पुऱ्याइएको स्पष्ट हुन्छ ।

### ४.२.१४ कक्षाकोठामा हुने वाहिरी वातावरणको प्रभाव रोक्ने व्यवस्था

विद्यार्थीहरुलाई सिक्ने सिकाउने मुख्य स्थल नै कक्षाकोठा भएको हुनाले कक्षाकोठाको वातावरण शान्त हुनुपर्छ । यसको लागि कक्षाकोठा भित्रवाट मात्र नभै कतिपय वाहिरि तत्वहरुले पनि प्रभाव पारिरहेका हुन्छन् । सामुदायिक र संस्थागत विद्यालयहरुको अध्ययन गर्दा रा.प्रावि नदीकिनारको वरिपरि वाहिरी प्रदुषण भएको हुँदा जिम्मेवार अभिभावक मात्र नभै जुनसुकै व्यक्ति जुनसुकै मनशायले पनि सिधै कक्षाकोठामा वारिपरि पुगेर शिक्षणकार्य संचालन भइरहेको अवस्थामा पनि झ्याल ढोका वाहिर घुमफिर गर्न सक्ने हुदा कक्षाकोठा भित्रको वातावरणलाई समेत प्रभाव पारेको पाइयो । अर्को सामुदायिक विद्यालय चितवन उच्च मा. वि.मा भने सुविधा सम्पन्न भवन कम्पाउण्डको विचमा भएको हुनाले वाहिरी ध्वनि प्रदुषण, आवाज, हल्लाहरु रोक्न सकिनाले शिक्षण सिकाईलाई असर पुऱ्याएको पाइएन । सम्पन्न विद्यालय भएर पनि गेटमा चैकिदारको व्यवस्था नहुदा जो कोही पनि विद्यालयको कक्षाकोठासम्म पुग्न सहजै सक्दछ ।

संस्थागत विद्यायलहरुको अध्ययनको क्रममा पनि न्यून आर्थिक अवस्था भएको अरोमा इं. स्कुलमा भने वाटोको छेउमा कक्षाकोठा भएको हुँदा त्यसको हल्ला र वाहिरि प्रभाव सहज रुपमा परेको पाइयो । विद्यालयको भवन दुई तिर वाटोको मोहोडामा पर्ने हुदा सवारी साधन मानिसको हलला तथा अन्य प्रदुषणले प्रत्यक्षरुपमा प्रभाव पारेको देदिन्छ साथै त्यस अरोमा स्कुलमा पनि गेटमा चैकिदारको व्यवस्था नभएको पाइयो । त्यस्तै अर्को सम्पन्न संस्थागत विद्यायल वाल्मीकी शिक्षा सदन विद्यालयय कृष्णपुरमा भने सुविधा सम्पन्न भवन कम्पाउण्डको विचमा भएको हुनाले वाहिरी ध्वनी प्रदुषण, आवाज, हल्लाहरु रोक्न सकिनाले शिक्षण सिकाईलाइ असर पुऱ्याएको पाइएन । त्यस विद्यालयहरुको कम्पाउण्डको पर्खाल अग्लो भएको कारणवाट वाहिरी प्रभाव विद्यालयमा पर्न नपाउने देखिन्छ । त्यस्तै वाहिरी गेटमा पनि गार्डको व्यवस्था, प्रतिक्षालयको व्यवस्था र सोधखोज गरिने व्यवस्थाले कोही पनि व्यक्ति सिधै कक्षाकोठामा जान नपाउने हुनाले कुनै किसिमले वाहिरी प्रभाव कक्षाकोठामा पर्न नसक्ने देखिन्छ ।

### ४.२.१५ शिक्षकको  विद्यार्थीप्रति व्यवहार

कक्षाकोठाको व्यवस्थापन राम्रो वनाई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउँन शिक्षकको व्यवहार विद्यार्थीहरुप्रति अत्यन्त सकारात्मक हुनुपर्छ । कक्षाकोठा व्यवस्थापनलाई राम्रो वनाउँन विद्यार्थीहरु पनि शिक्षक जत्तिकै जिम्मेवार छन् । किनभने विद्यार्थीहरु अनुशासित र शिक्षण गर्न सकिने राम्रो वातावरणमा कक्षामा वसेनन् भने राम्रो कक्षा व्यवस्थापनको कल्पना पनि गर्न सकिन्न । यसका लागि शिक्षकले विद्यार्थीहरुप्रति निम्न कुरामा विशेष ध्यान पुऱ्याउनु पर्छ । शिक्षकले विद्यार्थीहरुसँग सँधै समान र राम्रो व्यवहार गर्नुपर्छ । शिक्षकले शिक्षण गर्दा जहिलेपनि आकर्षक र स्पष्ट भाषा प्रयोग गर्नुका साथै अर्थपूर्ण प्रस्तुति हुनसक्ने गरी शिक्षण गर्नुपर्छ । कुनैपनि शिक्षण सिकाईमा शिक्षक स्पष्ट हुनुपर्छ । उद्देश्यको निर्धारण गरी कक्षाकोठामा के के गर्ने भन्ने कुराको स्प्रष्ट दिशावोध भएको हुनुपर्छ ।

अध्ययनको क्रममा संस्थागत विद्यालयहरुका शिक्षकहरुले विद्यार्थीहरुलाई दवाएर राखेको प्राप्त भयो । विद्यालयमा मैत्रीपूर्ण वातावरण र कक्षाकोठा व्यवस्थापन लगायतका शिक्षण सिकाईमा दोहोरो शिक्षण गर्नु गर्नेमा एकोहोरो शिक्षणमा वढवा दिएको पाईयो । त्यसैगरी सामुदायिक विद्यालयका शिक्षकहरुले पनि आफुले सिकेका सिप तथा ज्ञानलाई प्रयोगमा ल्याएको देखिएन । कक्षाकोठामा कक्षा शिक्षण गर्दा उद्देश्य अनुरुप शिक्षण भएको पाइएन । विद्यार्थीहरुलाई शिक्षकले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा समानता ल्याएको पाईयो गृहकार्यमा पनि सवैको परीक्षण र प्रयोगात्मक कार्यले पनि त्यसलाई प्रमाणित गरेको थियो ।  समग्रमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा विद्यार्थी वढी दमन भए पनि शिक्षकले विद्यार्थीहरुसँग सँधै समान व्यवहार गरेको पाइन्छ ।

### ४.२.१६ कक्षाकोठा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था

कक्षा कोठा व्यवस्थापनलाई शान्त, उपयुक्त, सान्दर्भिक, मर्यादित र शिक्षण सिकाईका लागि अनुकुल वनाउन माथि उल्लेख गरिए वाहेक अन्य थुप्रै व्यवस्थाहरु हुन्छन् । यस अनुसन्धानमा प्राप्त भएका विविध जानकारीहरुलाई यस शीर्षक अन्तर्गत राख्ने प्रयास गरिएको छ ।

शिक्षण सिकाईलाई प्रभावकारी वनाई सिकाईलाई अर्थपूर्ण वनाउँन विषयवस्तुसँग सम्वन्धित सन्दर्भ साग्री तथा पुस्तकको महत्वपूर्ण भूमिका रहन्छ । अध्ययनको क्रममा संस्थागत विद्यालयहरुमा

यस्ता सामग्रीको वढी प्रयोग गरिएको, विद्यालयमा सानो पुस्तकालायको व्यवस्था गरि उक्त सामग्रीहरु त्यहाँवाट लाने गरिएको पाईयो भने सामुदायिक विद्यालयहरुमा पुस्तकालयको व्यवस्था नभएको र सरकारवाट प्राप्त सन्दर्भ सामग्री र विषयसँग सम्वन्धित निर्देशिकाहरु पनि त्यति प्रचलनमा नल्याएको शिक्षकहरुको छलफलवाट प्राप्त भयो ।

अध्ययनको क्रममा सामुदायिक विद्यालयहरुका दरवन्दीका सम्पूर्ण शिक्षकहरु तलिम प्राप्त पाइयो । संस्थागत विद्यालयका शिक्षकहरु भने तालिम प्राप्त रहेको पाईएन । विद्यालयहरुमा सो तहमा वाल्मीकी शिक्षा सदन कृष्णपुर वाहेकका विद्यालयहरुमा कम्प्युटर र इमेलको व्यवस्था गरिएको पाईएन । त्यस्तै विद्यालयमा कार्यरत शिक्षकहरुले कक्षाकोठा व्यवस्थापनको सहयोगको लागि अन्य NGO / INGO को सहयोग लिनका लागि पहल नगरेको वताएका थिए ।

### ४.३ कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरु

कुनैपनि प्रणाली वा कार्यक्रममा वाधा, व्यवधान वा रोकावट आउनुलाई नै समस्याको रुपमा लिन सकिन्छ । त्यस्तो समस्याहरु संस्थागत रुपमा विभिन्न पक्षवाट आएका हुन्छन् । विद्यालय पनि एउटा संस्थाको रुपमा विकास भएको हुन्छ । विद्यालयका शैक्षिक स्तरलाई यसको सूचकको रुपमा लिन सकिन्छ । शैक्षिक सूचकको आधारमा विद्यालयको वर्ग निर्धारण गर्न सकिन्छ । संस्थागत तथा सामुदायिक विद्यालयका कक्षाकोठा व्यवस्थापनका समस्याहरु एक जस्तो लागे पनि व्यवहारिक रुपमा फरक पाउँन सकिन्छ । दुवै खाले शैंक्षिक संस्थाहरु समुदायमा स्थापित भएका हुन्छन् भने दुवैले शिक्षा प्रदान गर्ने काम गरेका हुन्छन् । सामान्यतया दुवै संस्थाहरुका समस्याहरु भनेका आर्थिक भौतिक मानवीय एवं वातावरण सम्वन्धी समस्याहरु नै प्रमुख हुन् । तर अध्ययन र अवलोकनको आधारमा रही यस्तो दुवै संस्थाहरुमा देखिएका कक्षाकोठा व्यवस्थापन सम्वन्धी समस्याहरुलाई भिन्न भिन्न गरी वुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

#### ४.३.१ संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखा परेका समस्याहरु

शिक्षा नियमावली अनुसार शिक्षण पेसामा संम्लग्न शिक्षकहरु तलिम प्राप्त हुनु पर्नेम शिक्षकहरुको अभावै रहेको देखिन्छ । सामुदायिक विद्यालयमा जस्तो सस्थागत विद्यालयमा क्रमश शिक्षकहरुलाई तालिम गराउँदै लैजाने व्यवस्था नभएको । शिक्षण सिकाई क्रियाकलापमा विद्यालयको संस्थापक तथा प्रिन्सिपलहरुवाट शिक्षक शिक्षिकाहरु जोड दिएता पनि कक्षाकोठा

व्यवस्थापनको लागि सहयोग पुग्न नसकेकोले कक्षकोठा व्यवस्थापन उचित नभएको पाइनु । विद्यालय व्यवस्थापन समिति नाम मात्रको रहेको हुनाले विद्यालय र कक्षाकोठा व्यवस्थापनप्रति कुनै भूमिका नरहेको । जि.शि.का. का प्रतिनिधि (वि.नि.वा स्रोतव्यक्तिं) हरुवाट नियमित अनुगमन नहुनाले त्यसको प्रभाव स्वत : कक्षाकोठा व्यवस्थापनमा पनि परेको पाइन्छ । सस्थागत विद्यालयका शिक्षकहरु कक्षाकोठामा कडा रुपमा प्रस्तुत हुने गरेको पाइयो यसले शिक्षणमा वाधा पुग्ने देखिन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थीहरुवीच दुईतर्फि संचार (Two way communication ) को अभाव रहेको पाइयो । समाजका धेरै वर्ग तथा समुदायका मानिसहरुवाट संस्थागत विद्यालयप्रति हेर्ने सकारात्मक दृष्टिकोणको विकास नहुनाले त्यसको प्रत्यक्ष प्रभाव कक्षाकोठा व्यवस्थापनमा पनि पर्न गएको देखिन्छ । शिक्षकहरुको वृत्ति विकासका अवसरहरु ( वढुवा, पेन्सन) आदि नहुनाले शिक्षकहरुको मनेवल घट्न गएकोले त्यसको प्रत्यक्ष असर कक्षाकोठा व्यवस्थापनमा  पनि पर्न गएको देखिन्छ । विद्यालयको भौतिक अवस्थाका साथै कक्षाकोठा व्यवस्थापन प्रति अभिभावकको चासो कमी रहेको पाइनु । विद्यालयको अर्थिक स्रोत कक्षाकोठा व्यवस्थापनको पक्षमा पनि परिचालन गर्नु पर्ने हो तर त्यसो भएको पाइदैन । केही सस्थागत विद्यालयमा विद्यार्थीले झोला डेस्कमा राख्न नमिलेको हुदा भुई राखेको पाईएको हुदा उमेर स्तरका डेस्क र वेन्चहरुको अभाव नै देखिन्छ । विज्ञान प्रयोगशाला, पिउने पानी, पुस्तकालयको सुविधा, खेल मैदान, शौचालय र फूलवारीको उचित व्यवस्थापनको कमी । विद्यालयमा वर्तमान समय सापेक्ष कम्प्युटर र इमेल इन्टरनेटको व्यवस्थाको उचित मात्रामा नभएको  । शिक्षण सिकाइमा उपयोग हुने महत्वपरुर्ण शैक्षिक सामाग्रीको प्रयोगको पनि कमी भएको पाईन्छ ।

### ४.३.२ सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखा परेका समस्याहरु

शिक्ष ऐनमा निति नियमका कुराहरु उल्लेख भए पनि सामुदायिक विद्यालयहरमा शैक्षिक नीति नियम पालनाको कमी रहेको पाइन्छ । चेतनशील र जागरुक अभिभावकहरुका वालवालिकाहरु सस्थागत विद्यालयमा अध्ययन गर्ने हुदा आवश्यक पृष्ठ पोषणको कमी रहेको पाइन्छ । कक्षा कोठामा वत्ती, पंखा, उमेरस्तरका डेस्कवेन्च, तापक्रको व्यवस्थापन र  कालोपाटीको प्रयोगको कमी रहेको  । विद्यालयमा अध्ययनरत विद्यार्थीहरु निम्न आर्थिक स्थितिका हुनाले उनीहरुको सहभागितामा नियमितता आउन नसकेको । सामुदायिक विद्यालयका शिक्षकहरुमा सरकारी काम कैले जाला घाम भन्ने जस्ता भावनाको विकास हुनाले कक्षाकोठा व्यवस्थापनमा प्रत्यक्ष असर पुऱ्याएको देखिन्छ । तालिमप्राप्त शिक्षकले पनि आफुले प्राप्त गरेका तालिम, कौशल तथा

विधिहरुको उचित प्रयोग नगरिएको पाइयो । शिक्षण सिकाइमा शैक्षिक सामाग्रीको प्रयोगमा कमी भएको पाइन्छ । विद्यालय व्यवस्थापन समितिले आफूलाई विद्यालयको विकास सहयोगीको रुपमा भन्दा प्रशासन चलाउने निकायको रुपमा लिंदा शिक्षकहरुमा मनोवल घट्न जानाले कक्षाकोठा व्यवस्थापनमा त्यसको असर पर्न गएको पाइयो । शैक्षिक सामग्री खरिद, निर्माण र मर्मत गर्नमा आर्थिक अभावको कारणको कक्षाकोठा व्यवस्थापन प्रभावकारी वन्न नसकेको देखिन्छ । विद्यालयका प्रधानाध्यापक तथा अनुगमनकर्ताहरुवाट विद्यालयको रेखदेख, कक्षा अवलोकन तथा सुपरिवेक्षणमा कमी रहेको पाइन्छ । सम्वन्धित निकायवाट विद्यालयमा नियमित अनुगमन र निर्देशनको हुनु पर्ने हो तर त्यसो नभएको । विद्यालयमा वर्तमान समय सापेक्ष कम्प्युटर र इमेल इन्टरनेटको व्यवस्था हुनु पर्ने तर त्यसको व्यवस्था नभएको । विज्ञान प्रयोगशाला, पिउने पानी र पुस्तकालयको उचित व्यवस्थापनको कमीका साथै खेल मैदान, खेलकूद सामग्री, शौचालय र फूलवारीको समेत उचित व्यवस्थापन नभएको । सामुदायिक विद्यालयमा चौकिदारको अभावले जो कोही पनि सोझै कक्षाकोठामा पुग्न सक्ने अवस्था देखियो र फोहोर मैलाको उचित व्यवस्थापनको कमीले कक्षाकोठामा प्रभाव पारेको पाइन्छ । कक्षाकोठा व्यवस्थापनका विविध समस्याहरु समाधान गर्नका लागि NGO / INGO को सहयोग प्राप्त  लिनु पर्ने हो तर त्यसो नभएको ।

# परिच्छेद-पाच

## प्राप्ति, निस्कर्ष र सुझाव

### ५.१ प्राप्ति

यस अध्ययन तथाअनुसन्धानवाट प्राप्त भएका प्राप्तिहरुलाई यसप्रकार उल्लृख गरिएको छ ।

क) कक्षाकोठा व्यवस्थापनको वारेमा सरोकार पक्षहरुलाई वेला वेलामा चेतना मूलक कार्यक्रमको आयोजन सरकारी तवरवाट गर्नु पर्ने देखिन्छ ।

ख) सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा आर्थिक अभाव रहेको ।

ग) सादायिक विद्यालयका कक्षा कोठामा वत्ती, पंखा र तापक्रको व्यवस्थापनको कमी ।

घ) संस्थागत विद्यालयका शिक्षकमा सेवा सुरक्षाको ग्यारेण्टी नहुनाले कक्षाकोठा व्यवस्थापनमा शिक्षकवाट त्यति ध्यान नदिइएको ।

ङ) संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा शिक्षकहरु वढीमात्रामा तलिम प्राप्त भएको पाइयो ।

च) शिक्षक विद्यार्थी अनुपात संस्थागत विद्यालयको र सरकारी नीतिको तुलनामा सामुदायिक विद्यालयमा वढी भएको ।

छ) सामुदायिक विद्यालयमा सम्वन्धित निकायवाट नियमित अनुगमनको व्यवस्था नभएको ।

ज) उमेर स्तरका विद्यार्थीका लागि डेस्क वेन्च र कालो पाटीको अभाव ।

झ) सामुदायिक विद्यालयमा चौकिदारको अभावले जो कोही पनि सोझै कक्षाकोठामा पुग्न सक्ने अवस्था भएको ।

ञ) अभिभावकद्धारा शिक्षकहरुलाई हेर्ने धारण सकारात्मक नभएकोले कक्षाकोठा व्यवस्थापनमा अपेक्षाकृत सहयोग प्राप्त गर्न नसकिएको ।

ट) सामुदायिक विद्यालयका शिक्षकहरुमा “सरकारी काम कैले जाला घाम” भन्ने जस्ता भावनाले आफुले प्राप्त गरेका तालिम, कौशल तथा विधिहरुको उचित प्रयोग नगरिएको हुनाले कक्षाकोठा व्यवस्थापनमा प्रत्यक्ष असर पुगेको देखिन्छ ।

ठ) कक्षाकोठा व्यवस्थापनको लागि व्यवस्थापन समितिले NGO / INGO को सहयोग प्राप्त गर्न कुनै पहल नगरेको देखिन्छ ।

## ५.२ निस्कर्ष

विद्यालय व्यवस्थापन त्यसमा पनि कक्षाकोठा व्यवस्थापन आफैमा जटिल, सामुहिक र व्यवस्थापकीय कार्य हो । सामुहिक प्रयासविना गरिएको व्यवस्थापन कमै मात्रामा सफल भएको पाइन्छ । विद्यालय शिक्षा प्रदान गर्ने औपचारिक थलो हो,जुन समाजमा स्थापना गरिएको हुन्छ । विद्यालयले समाजको समयको र लगानीकर्ताको मागलाई पुरा गर्नुपर्ने दायित्व लिएर अगाडि वढेको हुन्छ । विद्यालय समुदाय र सरकारले लगानि गरेको हुन्छ । यस्तो लगानीलाई विद्यालय परिवारले पूरा गर्न सक्नुपर्छ किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल पाउनु धेरै समय पर्खनु पर्ने हुन्छ । यस्तो अवस्थामा अभिभावकको लगानीलाई विद्यालयले आंशिक रुपमा भएपनि तत्काल पूरा गर्नुपर्छ । त्यसो गर्न सकेमा केही मात्रामा विद्यालय सफल भएको मान्ने मानसिकता हाम्रो समाजमा पाइन्छ । समुदायले आफ्नो वालवालिकालाई लगानीको रुपमा विद्यालयमा पठाउँछ, यसका अलावा आर्थिक, नैतिक, वौद्धिक लगायत श्रमदान र अन्य विभिन्न थरीका सहयोग गर्ने गर्दछ । विद्यालयप्रतिको धारणालाई सकारात्मक रुपमा विकास गर्नको लागि विद्यालयले आफुमाथिको भूमिकालाई सही अर्थमा पूरा गर्नुपर्ने देखिन्छ ।

अध्ययन क्षेत्र जुन आफैमा हरेक पक्षवाट महत्वपूर्ण हुन्छ । कुनैपनि शोधकार्यले प्राप्त तथ्याङ्कहरुको विश्लेषणवाट सम्वन्धित क्षेत्रमा रहेको वास्तविकतालाई वाहिर ल्याउँन सहयोग पुऱ्याउँछ । जहाँ विभिन्न क्षेत्रवाट जातिगत रुपमा, भापागत रुपमा, संस्कार, संस्कृति र रीतिरिवाजको हिसावले आर्थिक, सामाजिक र धर्मको हिसावले वहुपक्षको प्रतिनिधित्व गरेका वालवालिकाहरु अध्ययन गर्न आएका हुन्छन् । उनीहरुमा व्यक्तिगत तथा सामाजिक विभिन्नता कायम रहेको हुन्छ । यस्तो परिस्थितिमा वालवालिकाका व्यक्तिगत बिभिन्नताको पहिचान गरी उनीहरुको रुचि, आवश्यकता स्तर र क्षमता अनुसार शिक्षा प्रदान गर्नु विद्यालयको लागि कम चुनौतिपूर्ण कुरा हुँदैन । यस अनुसन्धानमा अनुसन्धानको मुख्य उद्देश्य संस्थागत तथा सामुदायिक प्राथमिक विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनको अध्ययन गरी कक्षाकोठा व्यवस्थापनको स्थिति पहिचान गर्ने, संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनको तुलना गर्ने र चुनौती उपर उपायहरु सुझाउने थियो । अनुसन्धानको क्रममा संस्थागत तथा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनको स्थिति पहिचान गर्ने प्रयास गरियो । शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने मुख्यस्थल नै कक्षाकोठा भएको हुनाले कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी, स्वच्छ र वातावरणयुक्त वनाउँनुपर्छ । कक्षाकोठा व्यवस्थापनको स्थिति पहिचान गर्ने क्रममा विभिन्न शिक्षाविद् एवं विद्धानहरुका त्यस सम्वन्धी लेख, कृति र अनुसन्धानमुलक सामग्रीहरुलाई आधार मानी स्वयं

अनुसन्धानकर्ताद्धारा चालु कक्षाकोठाको अवलोकन गरियो । अनुसन्धान र अध्ययनवाट यो कुराको निर्णयमा पुगियो कि कक्षाकोठा विद्यार्थीहरु वस्न र शिक्षकलाई शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न सुविधायुक्त हुनुपर्छ । कक्षाकोठामा उचित हावा र प्रकाशको व्यवस्था हुनुको साथै फर्निचर व्यवस्थापन वैज्ञानिक र सुविधायुक्त हुनुपर्छ । शिक्षण सिकाईलाई प्रभावकारी वनाउँन कालोपाटीको व्यवस्थापन विद्यार्थीको आँखाको समानान्तर हुने गरी राखिएको हुनुपर्छ र यसको नाप सामानयनया ३ फिट - ५ फिट हुनु आवश्यक मानिन्छ । त्यस्तो कक्षाकोठालाई उपयुक्त मानिन्छ जहाँ विद्यार्थीले कालोपाटी राम्रोसँग देख्न सकुन् र शिक्षक हरेक विद्यार्थीहरु सम्म पुग्ने व्यवस्था होस् । कक्षाकोठाको अगाडि कालोपाटीको दायाँवायाँ शैक्षिक सामग्री प्रदर्शन गर्ने उपयुक्त ठाउँ र व्यवस्था हुनुपर्छ । त्यस्तै कक्षाकोठा व्यवस्थापनको उचित वातावरण सिर्जन गर्न सन्दर्भ सामग्रीको व्यवस्था हुनुपर्छ र पठन पाठन कार्यको लागि शिक्षक तालिम प्राप्त हुनुपर्छ ।

अनुसन्धानको क्रममा संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनको तुलनात्मक अध्ययन गरी विभिन्न तथ्यहरु प्राप्त गरियो । सामुदायिक विद्यालयहरुका कक्षाकोठामा विद्यार्थीहरुको चाप वढी नै देखिन्थ्यो । जसअनुसार सामुदायिक विद्यालयहरुको तथ्याङ्कलाई एकिकृत गर्दा एक सेक्सन वराव ५५.०७ विद्यार्थी र शिक्षक विद्यार्थी अनुपात ४०.५८ देखिन्छ । त्यस्तै संस्थागत विद्यालयहरुमा भने एक सेक्सन वरावर ३१.५५ विद्यार्थी र शिक्षक विद्यार्थी अनुपात १९.९६ रहेको अनुसन्धानवाट प्राप्त भयो । शिक्षकहरुको हकमा भने सामुदायिक विद्यालयहरुका शिक्षकहरु तालिम प्राप्त धेरै र संस्थागत विद्यालयका शिक्षकहरु तालिम अप्राप्त धेरै देखिएको छ । जस अनुसार दुई वटा संस्थागत र दुई वटा सामुदायिक विद्यालयहरुको सर्भेक्षण गर्दा सामुदायिक २ विद्यालयका १९ जना शिक्षकमध्ये १० जना तालिम प्राप्त हुँदा तालिम प्राप्त प्रतिशत ५२.६३ देखिन्छ भने संस्थागत २ विद्यालयका ४९ शिक्षकमध्ये २२ जना तालिमप्राप्त हुँदा तालिम प्राप्त प्रतिशत ४४.९० देखिन्छ । यसैगरी शैक्षिक उपलव्धीलाई हेर्दा संस्थागत विद्यालयको उत्तीर्ण प्रतिशत ९७.२२ रहेको छ भने सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत ९१.५१ रहेको पाइन्छ । यस तथ्यको आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलव्धी उच्च रहेको पाइन्छ । दुवै किसिमका विद्यालयहरुको तुलनात्मक अध्ययन गर्ने क्रममा संस्थागत विद्यालयहरुमा शैक्षिक र खेलकुद सामग्रीहरुको तुलनात्मक अध्ययन गर्ने क्रममा संस्थागत विद्यालयहरुमा शैक्षिक खेलकूद सामग्रीहरुको पर्याप्तता कक्षाकोठामा सामुदायिक क्रियाकलाप गराई विद्यार्थी परिचालन, सुविधायुक्त वसाईको व्यवस्था र स्वच्छ वातावरण निर्माण गरिनुले तुलनात्मक रुपमा सामुदायिक विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनको स्थिति कमजोर देखिन्छ ।

अनुसन्धानकाने तेस्रो उद्देश्य अनुसार समाभानका उपायहरु पत्ता लगाउने क्रममा उक्त संस्थाहरुमा आ-आफ्नै खालका समस्याहरु विद्यामान रहेको छलफल, अन्तर्वार्ता र विद्यार्थीहरुसँग गरिएको समूह छलफलवाट पत्ता लगाइएको छ । जस अनुसार संस्थागत विद्यालयहरुमा यथेष्ठ तालिम प्राप्त शिक्षक नहुनु, व्यवस्थापन समिति नाममात्रको हुनु, शिक्षकहरुको लागि वृत्ति विकास र सेवा सुरक्षाको ग्यारेन्टी नहुनु, समाजका अधिकांश मानिसहरुमा वोर्डिङ विद्यालयहरुलाई हेर्ने दृष्टिकोण सकारात्मक नहुनु,आदि प्रमुख समस्याको रुपमा रहेको पाइएको छ । त्यस्तै सामुदायिक विद्यालयहरुका प्रमुख समस्याहरुमा शैक्षिक सामग्रीको न्यून प्रयोग, शिक्षकहरुमा अल्छी प्रवृत्ति, अभिभावक र शिक्षकहरु वीचमा समन्वयको अभाव, विद्यालय व्यवस्थापन समितिको हैकमवादी प्रवृत्ती, सधै आर्थिक अभाव र मानव सम्वन्धलाई ध्यान नदिएको  लगायतका समस्याहरु  रहेका छन् ।

अन्त्यमा दुवै खाले विद्यालयहरु शिक्षा प्रदान गर्ने पवित्र संस्थाहरु हुन् । दुवैको प्रमुख लक्ष्य र उद्देश्य भनेको शिक्षण सिकाईलाई कसरी प्रभावकारी वनाउँने भन्ने हुन्छ । यति हुँदाहुँदै पनि उनीहरुका आ-आफ्ना कमी कमजोरी र समस्याहरु विद्यमान रहेका छन् । तिनीहरुको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयहरुको तुलनामा संस्थागत विद्यालयहरुको कक्षाकोठा व्यवस्थापन उपयुक्त रहेको निस्कर्ष अध्ययनवाट आएको छ । संस्थागत विद्यालयहरुको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरुमा तालिम प्राप्त र पेशाप्रतिको स्थायित्व अधिक भएको पाइन्छ ।

## ५.३ सुझाव

संस्थागत तथा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन विषयक शोधकार्यको क्रममा सम्वन्धित पक्षहरुवाट औल्याइएका सूचना, जानकारी एवं सुझावहरुको आधारमा कक्षाकोठा व्यवस्थापनको निर्माणका लागि विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक शिक्षिकाहरु र अभिभावकहरुले खेल्नुपर्ने भूमिकाहरुको देहाय वमोजिम सुझावहरु औल्याइएको छ ।

### ५.३.१. सामुदायिक विद्यालयतर्फका सुझाव

नेपाल सरकारवाट नियमित रुपमा अनुदान प्राप्त गरेका र  अनुदान प्राप्त गर्ने आशामा रहेका विद्यालयहरुका लागि  निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१.१ विद्यालय प्रशासनले खेल्नुपर्ने भूमिका

क) विद्यालयको सम्पूर्ण पक्षमा शैक्षिक वातावरणको निर्माण गर्नुपर्छ ।

ख) प्र.अ.ले अभिभावकहरुसँगप्रत्यक्ष भेटघाटलाई निरन्तरता दिई सहयोग लिनु पर्दछ ।

ग) कक्षाकोठाको वातावरण उपयुक्त वनाउँन शिक्षक तथा विद्यार्थीहरुसँग समन्वय  गर्नुपर्छ ।

घ) विद्यालयका प्रशासकवाट नियमित रुपमा कक्षाकोठाको अनुगमन र रेखदेख गर्नुपर्छ ।

ङ)  शिक्षक, विद्याथी र अभिभावकहरुसँग वेला वेलामा अर्न्तक्रिया कार्यक्रमहरु संचालन गर्नुपर्छ ।

च) प्रशासकवाट कक्षाकोठा व्यवस्थापनको लागि आर्थिक स्रोत उपलब्ध गराउनु पर्दछ ।

छ) शिक्षकलाई बढी सक्षम एवं सक्रिय बनाउन र विद्यार्थीहरुको नियमितता बढाउन

ज) विषयगत रुपमा शैक्षिक सामग्रीको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

झ) प्रधानाध्यपकले कक्षाकोठाको समय समयमा अवलोकन गर्ने गर्नु पर्दछ ।

### ५.३.१.२ शिक्षक/शिक्षिकाहरुले खेल्नुपर्ने भूमिका

क) कक्षाकोठा व्यवस्थापनको लागि सवैसँग सहयोग लिन सक्नुपर्छ ।

ख) विद्यालयमा विद्यार्थी अनुशासन कायम राख्ने

ग) विद्यालय प्रशासनलाई कक्षाकोठाको स्थितिवारे राय र सुझावहरु उपलब्ध गराउनु पर्छ ।

घ) शिक्षण विधि र  शैक्षिक सामग्रीलाई अधिकतम प्रयोगमा लयाउने व्यवस्था मिलाउनु पर्छ ।

ङ) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरुलाई सुधार गर्न उपयुक्त कदम चाल्नपर्छ ।

च) कक्षाकोठा व्यवस्थापनको लागि विद्यालय प्रशासनसँग आवश्यक माग गर्नुपर्छ ।

छ) शिक्षण पेशालाई सेवाभावको दृष्टिले हेरी कार्य गर्नुपर्छ ।

### ५.३.१.३ विद्यालय व्यवस्थापन समितिले खेल्नुपर्ने भूमिका

क) नियमित अनुगमन गरी आवश्यक नीति निर्देशन दिनु पर्दछ ।

ख) विद्यालयमा अभिभावकको सहभागिता वृद्धि गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

ग) अभिभावकका राय सल्लाह एवं सुझावलाई विद्यालय प्रशासन समक्ष पुऱ्याउँनु पर्ने हुन्छ ।

घ) शिक्षकलाई क्रमिक रुपमा तालिममा सहभागी बनाई निपूर्ण बनाउने

ङ) कक्षाकोठा व्यवस्थापनकालागि  शिक्षक तथा प्र.अ. लाई प्रोत्साहित गर्ने गर्नु पर्दछ ।

च) चौकिदार भवनको निर्माण गरी त्यसको व्यवस्थापन गर्नु पर्दछ ।

### ५.३.१.४ अभिभावकहरुले खेल्नुपर्ने भूमिका

क) आवश्यक राय एवं सुझावहरु समयमै दिने गर्नु पर्दछ ।

ख) वालवालिकाको पठन पाठनमा चासो राख्नुपर्ने देखिन्छ ।

ग) विद्यालयको आर्थिक व्यवस्थापनमा सक्दो सहयोग गर्नुपर्ने देखिन्छ ।

घ) वालवच्चाहरुमा सकारात्मक धारणाको विकास गराँनु पर्ने देखिन्छ ।

ङ) कक्षाकोठा व्यवस्थापनको वारेमा अवलोकन तथा अनुगमन गर्नुपर्ने देखिन्छ ।

च) विद्यालयका कमि कमजोरीहरुलाई सकारात्मक ढंगले औल्याई सहयोग गर्नु पर्दछ ।

छ) विद्यालय हाताभित्र पूर्णतया शैक्षिक वातावरणको सृजना गर्न सहयोग गर्ने ।

### ५.३.२ संस्थागत विद्यालयतर्फका सुझाव

नियमितरुपमा अनुदान नपाउने र निजि स्रोतवाट सञ्चालनमा आएका संस्थागत विद्यालयहरुका लागि यस अनुसन्धानको क्रममा प्राप्त भएका सुझावहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ५.३.२.१ विद्यालय प्रशासनले खेल्नुपर्ने भूमिका

क) विद्यालय प्रशासनले शिक्षक शिक्षिकाहरुका पेशागत मागहरुप्रति ध्यान दिनुपर्ने देखिन्छ ।

ख) विद्यालय प्रशासनले संस्थापक र शिक्षक शिक्षिकाहरु वीच समन्वय गराइरहनु पर्ने देखिन्छ ।

ग) प्रशासकवाट शिक्षकहरुप्रति शिक्षण सिकाइका सन्दर्भमा अनावश्यक दवाव दिनु हुदैन ।

घ) कक्षाकोठा व्यवस्थापनमा आर्थिक लगानी गर्नु पर्ने देखिन्छ ।

ङ) कक्षाकोठा व्यवस्थापनको वारेमा संयुक्त वैठकको व्यवस्था गर्नु पर्दछ ।

### ५.३.२.२ शिक्षक शिक्षिकाले खेल्नुपर्ने भूमिका

क) शिक्षण पेशालाई सेवा भावको दृष्टिले हेर्नु पर्ने देखिन्छ ।

ख) प्रशासन तथा संस्थापनपक्षलाई कक्षाकोठाको स्थिति सम्वन्धमा अवगत गराउँनु पर्ने देखिन्छ ।

ग) कक्षाकोठा व्यवस्थापनका लागि संस्थापकहरुसँग सहयोग लिन सक्नुपर्ने देखिन्छ ।

घ) आफ्ना पेशागत समस्याहरुलाई संस्थापन पक्षसँग उचित ढंगले पेश गर्नुपर्ने देखिन्छ

ङ) कक्षाकोठामा शिक्षणको लागि जाँदा पाठ योजना तयार गरेर सो अनुरुप जाने गर्नु पर्दछ ।

### ५.३.२.३ विद्यालय व्यवस्थापन समितिले खेल्नुपर्ने भूमिका

क) विद्यालयको नियमित अनुगमन गरी कक्षाकोठाको अवस्थाको वारेमा थाहा पाउनु पर्दछ ।

ख) विद्यालयमा आफ्नो दायीत्वका साथै अधिकारहरुको सदुपयोग गर्नुपर्छ ।

ग) अभिभावकका सल्लाह एवं सुझावलई विद्यालय प्रशासन समक्ष पुऱ्याउँनु पर्दछ ।

घ) शिक्षकहरुले कक्षा शिक्षण गर्दा कक्षाकोठाको व्यवस्थापनलाई ध्यान दिए नदिएको पक्षलाई कक्षाकोठा अवलोकन गरी गेणस्तरिय शिक्षामा सहयोग गर्ने ।

### ५.३.२.४ अभिभावकहरुले खेल्नुपर्ने भूमिका

क) अभिभावकहरुका लागि संचालित कार्यक्रममा नियमित उपस्थिति हुनुपर्ने देखिन्छ ।

ख) विद्यालयवाट भएका कमी कमजोरीहरुलाई समयमा नै आवश्यक सुझाव दिनुपर्ने हुन्छ ।

ग) आफ्ना केटाकेटीहरुको पढाइप्रति निरन्तर चासो राख्नु पर्ने देखिन्छ ।

घ) समय समयमा विद्यालयमा गई कक्षाकोठा व्यवस्थापनको स्थिति अवलोकन गरी आवश्यक प्रतिक्रिया दिनुपर्ने देखिन्छ

## ५.४ थप अध्ययनका लागि सिफारिसहरु

यस अनुसन्धानको आधारमा रहेर निम्न क्षेत्रहरु भित्र पनि अन्य  अध्ययन गर्न सकिन्छ ।

१) सामुदायिक एवम् संस्थागत विद्यालयको शिक्षक तथा कर्मचारी व्यवस्थापनको तुलनात्मक अध्ययन ।

२) सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक सामाग्रीहरुको प्रयोग तुलनात्मक अध्ययन ।

३) सामुदायिक एवम् संस्थागत विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा शिक्षण विधिको प्रयोग तुलनात्मक अध्ययन ।

४) सामुदायिक एवम् संस्थागत विद्यालयको भौतिक व्यवस्थापनको तुलनात्मक अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, गोविन्द र अन्य (२०६१). *अध्यापन अनुमतिपत्र दर्पण माध्यमिक तह.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रुसाद (२०६२). *माध्यमिक शिक्षक दिग्दर्शन.* वागवजार, काठमाण्डौ. आशिष पुस्तक भण्डार ।

काफ्ले, वासुदेव र अन्य (२०६२). *शैक्षिक प्रशासन र सुपरिवेक्षण.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०५९). *शैक्षिक व्यवस्थापन तथा संगठानात्मक व्यवहारं.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१). *शैक्षिक अनुसन्धान पद्धति.* कीर्तिपुर, काठमाण्डौं. स्टुडेण्टस वुक पव्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

*चितवन विशेषांक.* (२०६३). चितवन. चितवन टाईम्स.

थापा, विजयकुमार र अन्य (२०५८) *व्यवस्थापन सुचना प्रणली र मानव संसाधन व्यवस्थापन.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

पन्थ, नारायण प्रसाद (२०६३). *शिक्षणशास्त्र .* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, लेखनाथ (२०६४). *शिक्षण पद्धति.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

मिश्र, विमला.(२०६३) *समुदायद्वरा व्यवस्थापन भएका विद्यालयहरुको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययन.* ताहाचल,काठमाडौं. महेन्द्ररत्न क्याम्पस ।

राउत, कुमार (२०६१). *संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन* . सोधपत्र, त्रि.वि.वि., शिक्षा शास्त्र संकाय ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०५६). *शिक्षाको प्रारम्भिक परिचय.* भोटाहिटी, काठमाण्डौ. विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, डा.मनप्रसाद र कार्की, उपेन्द्र कुमार (२०५८) *शिक्षाका आधारहरु.* भोटाहिटी, काठमाण्डौं. विद्यार्थी पुस्तक भण्डारं ।

*विद्यालय सुधार योजना* (२०५८). तालिम पुस्तिका ।

*विश्वप्रकाश स्वर्ण स्मारिका* (२०६४). मंगलपुर, चितवन. विश्वप्रकाश उ.मा.वि.।

*विचारकुञ्ज.* (२०६३). भरतपुर, चितवन. प्रजातान्त्रिक विचार समाज.

वी.सी.,भरतविक्रम (२०४९).*काठमाडौं जिल्लाका मा.वि.हरुमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी वनाउन व्यवस्थापन र निरीक्षकको योगदान.* ताहाचल,काठमाडौं. महेन्द्ररत्न क्याम्पस ।

*शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली* (२०६३).डिल्लीवजार काठमाडौं.मकालु प्रकाशन गृह ।

शर्मा, कुवेरनाथ (२०६४). *शिक्षणशास्त्र.* काठमाडौं, नेपाल रत्न पुस्तक भण्डार ।

शर्मा, जयकृष्ण(२०६२).*संस्थागतएवम् सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवाला- हरुको सहभागिता एक तुलनात्मक अध्ययन.* सोधपत्र, चितवन त्रि.वि.वि. शिक्षा शास्त्र संकाय सप्तगण्डकी बहुमुखी क्याम्पस ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६१). *शिक्षण विधि.* भोटाहिटी, काठमाण्डौं. एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

*शैक्षिक समचार (२०६४).* सानोठिमी,भक्तपुर. शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

*सप्तगण्डकी मुखपत्र* (२०६३). भरतपुर, चितवन. सप्तगण्डकी बहुमुखी क्याम्पस ।

सिंह, नागेश्वर (२०६२) *शिक्षण विधि.* रामशाहपथ,काठमाडौं. पैरवी प्रकाशन ।

सुवेदी, खगेन्द्र (२०६२). *विद्यालय निरीक्षक दिग्दर्शन.* डिल्लीवजार, काठमाडौं. पिनाकल नेपाल प्रा.लि.।

# <u>अनुसूची- १</u>

## नमूना छनौटमा परेका विद्यालयहरुको नामावली

**सामुदायिक विद्यालयहरु :-**

१) चितवन माध्यमिक विद्यालय भरतपुर, चितवन

२) राप्रावि नदीकिनार नारायणगढ, चितवन

**संस्थागत विद्यालय**

१) अरोमा इङ्लिस स्कुल भरतपुर, चितवन

२) वाल्मीकि शिक्षा सदन वोर्डिङ स्कुल कृष्णपुर, चितवन

# अनुसूची- २

श्रीमान् प्रिन्सिपल/प्राचार्य/ प्रधानाध्यापक ज्यू ,
..........................................................
........................................................।

विषयः- अनुसन्धान कार्यमा सहयोग गरिदिनु हुन ।

उपर्युक्त सम्वन्धमा "संस्थागत तथा सामुदायिक विद्यालयहरुको कक्षाकोठा व्यवस्थापनः तुलनात्मक एक अध्ययन" शीर्षकमा निम्न लिखित उद्देस्यहरुका निमित्त गुणात्मक अनुसन्धान गर्न चाहेकोले आवश्यक सहयोगको लागि अनुरोध गर्दछु ।

अनुसन्धानका उद्देश्यहरु

क) सामुदायिक र संस्थागत विद्यालयहरुको कक्षा कोठा व्यवस्थापनकोवारेमा तुलना गर्ने ।
ख) संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनका समस्याहरु पहिचान गर्ने ।
ग) संस्थागत र सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखा परेका समस्याका लागि समाधानका उपायहरु पत्ता लगाउनु ।

माथिका उद्देश्यहरु पूरा गर्नका लागि निम्न परिधिभित्र रहेर तथ्याङ्क संकलन गरिने छ ।

१) गुणात्मक किसिमको तथ्य प्राप्त गर्ने विधि अवलम्वन हुनेछ ।
२) सम्वन्धित तथ्यहरु प्राप्त गर्ने क्रममा सम्वन्धित व्यक्तिसँग विद्यालयको शैक्षिक व्यवस्थापन पक्षमा अनुभव आदान प्रदान गर्न केही समय छलफल हुनेछ ।
३) प्राप्त तथ्य-विवरणहरु चाहना र आवश्यकता अनुसार गोप्य राख्न पनि सकिनेछ ।
४) अनुसन्धानात्मक कार्यमा समावेश भएका व्यक्तिहरुको नाम, ठेगाना प्रतिवेदनमा जनाउनु परेमा सवल र उल्लेख्य पक्षलाई उल्लेख गर्न पनि सकिनेछ ।
५) विद्यालयको दस्तावेजहरु तथा अध्ययन गर्नको लागि समेत अनुरोध गर्दछु ।
६) चालु कक्षा अवलोकन तथा विद्यार्थीहरुसँग समूह छलफल गर्न सकिने छ ।

उपर्युक्त व्यहोरा अनुसारको अनुसन्धानात्मक कार्यमा यहाँले पुऱ्याउनु हुने सहयोगले सामुदायिक एवम् संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापनमा थप महत्वपूर्ण सहयोग पुग्ने छ भन्ने विश्वास लिएको छु ।

शोधकर्ता

विनोदकुमार अधिकारी
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# <u>अनुसूची- ३</u>

## प्रधानाध्यापकको अन्तर्वार्ताका लागि नमूना प्रश्नावली

उत्तरदाताको नाम :- लिङ्ग :-
शैक्षिक योग्यता : - हस्ताक्षर :–

तलका प्रश्नहरुको वारेमा आफ्नो विचार व्यक्त गर्न अनुरोध गर्दछु ।

१. तपाईको विचारमा कक्षाकोठा व्यवस्थापन भित्र कुन कुन कुराहरु पर्दछन् ।

२. कक्षाकोठाको उचित व्यवस्थापन कसरी गर्न सकिन्छ ?

३. कक्षाकोठा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति र अभिभावकको कस्तो महत्व हुन्छ ।

४. कक्षाकोठा व्यवस्थापनमा कसको भूमिका महत्वपूर्ण हुने ठान्नुहुन्छ ?

५. कक्षाकोठा व्यवस्थापन पक्ष राम्रो नुहनुमा कसको दोष ठान्नुहुन्छ ?

६. कक्षाकोठा व्यवस्थापनमा शिक्षक स्टाफको भूमिका कस्तो रहेको हुन्छ ?

७. प्र.अ.. स्वयं एउटा व्यवस्थापक हो भन्ने कुरालाई कसरी स्पष्ट पार्नुहुन्छ ?

८. कक्षाकोठा व्यवस्थापनमा आर्थिक पक्षको भूमिका कस्तो रहेको हुन्छ ?

९ कक्षाकोठा व्यवस्थापनमा शिक्षक विद्यार्थी एवं विद्यालय व्यवस्थापन समितिको सहभागितामा वृद्धि गर्न विद्यालय प्रशासनले कस्तो भूमिका निर्वाह गर्नुपर्ने जस्तो लाग्छ ?

१०. कक्षाकोठा व्यवस्थापनमा शिक्षक तथा विद्यार्थीको सहयोग प्राप्त गर्नु भएको छ ?

११. विद्यालयको समस्याको सन्दर्भमा कक्षाकोठा व्यवस्थापनलाई कसरी लिनुहुन्छ ?

१२ .कक्षाकोठा व्यवस्थापनमा विद्यार्थीहरुलाई कसरी परिचालन गर्नुहुन्छ ?

१३.कक्षाकोठा व्यवस्थापनमा भौतिक पक्षको कस्तो महत्व रहन्छ ?

१४. एक सफल कक्षाकोठा व्यवस्थापनका कुनै चार विशेषता वताउँनु पर्दा केलाई लिनुहुन्छ ?

१५ .कक्षाकोठा व्यवस्थापनमा के कस्ता समस्याहरुको अनुभव गर्नुभएको छ ?

१६.कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरुलाई निराकरण गर्न शिक्षक र विद्यार्थीको भूमिका कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

१७.प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात कस्तो छ ?

१८. कक्षाकोठा व्यवस्थापन र शैक्षिक उपलब्धिका वारेमा विद्यालयमा सयुक्त वैठक वसेको छ ?

# अनुसूची- ४

## व्यवस्थापन समिति र समुदायकालागि  सोधिने प्रश्नावलीहरुको सूची

नाम :- विद्यालय /क्षेत्र :-

तलका प्रश्नहरुको वारेमा आफ्नो विचार व्यक्त गर्न अनुरोध गर्दछु ।

१. व्यवस्थापन र  कक्षाकोठा व्यवस्थापनको वारेमा तपाईको विचार वताईदिनु हुन्छ कि ?

२. कक्षाकोठाको व्यवस्थापनमा विद्यालय प्रशासनको भूमिका कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

३. कक्षाकोठा व्यवस्थापनको लागि के कस्ता सहयोग गर्नुभएको छ ?

४. कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाई विच कस्तो सम्वन्ध रहन्छ  ?

५. कक्षाकोठा व्यवस्थापनका लागि शैक्षिक सामग्रीको वारेमा पृष्ठ पोषण दिनु भएको छ  ?

६. कक्षाकोठाको व्यवस्थापनप्रति अभिभावकहरुको भूमिका कस्तो रहनुपर्छ जस्तो लाग्छ  ?

७ कक्षाकोठा व्यवस्थापनमा वाहिरी वातावरणले कस्तो प्रभाव पार्दछ ?

८.कक्षाकोठाको उचित व्यवस्थापन नहुँदा विद्यार्थीको उपस्थितिमा कस्तो प्रभाव पार्दछ ?

९.कक्षाकोठा व्यवस्थापनमा बाधा पुर्‍याउँने वाहिरी तत्वहरु के के होलान् ?

१०.कक्षाकोठा व्यवस्थापनमा स्थानीय स्रोत र साधनलाई कसरी परिचालन गर्नु भएको छ ?

११.कक्षाकोठा व्यवस्थापनमा शिक्षक,अभिभावक,विद्यार्थी र समुदायवीच कस्तो संवन्ध हुनु पर्दछ?

१२ तपाइको विद्यालयमा कक्षाकोठा व्यवस्थापनको सवैभन्दा समस्याको रुपमा के रहेको छ ?

१३ के सुधार गरेमा कक्षाकोठा व्यवस्थापन प्रभावकारी हुन्छ जस्तो लाग्छ ?

१४ विगत र वर्तमानलाई तुलना गर्दा कक्षा व्यवस्थापनको वारेमा केही भिन्नता छ कि ?

# अनुसूची- ५

## शिक्षक शिक्षिकाहरुका लागि  सोधिने प्रश्नावलीहरुको सूची

नाम :- अनुभव वर्ष :-
विद्यालय :- लिङ्ग :-
तालिम :- योग्यता :-

तलका प्रश्नहरुको वारेमा आफ्नो विचार व्यक्त गर्न अनुरोध गर्दछु ।

१. तपाईको विचारमा कक्षाकोठा व्यवस्थापन के लाई भनिन्छ ?

२. राम्रो कक्षाकोठा व्यवस्थापनको लागि अनिवार्य पक्षको रुपमा के के लाई लिन सक्नुहुन्छ ?

३. शैक्षिक सामग्रीलाई पनि कक्षाकोठा भित्र राख्न सकिन्छ ? आफ्ना तर्कहरु दिनुहुन्छ कि?

४. कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी परिचालनको आवश्यकतालाई कसरी लिनुहुन्छ ?

५. कक्षाकोठाको व्यवस्थापनमा विद्यालय प्रशासनको भूमिका कस्तो हुनुपर्छ भन्ने ठान्नुहुन्छ ?

६. कक्षाकोठाको उचित व्यवस्थापनको लागि के कस्ता कार्यहरु गर्नुभएको छ ?

७. कक्षाकोठाको उचित व्यवस्थापनले के शिक्षण सिकाई अत्यन्त प्रभावकारी हुन्छ ?

८. शैक्षिक सामग्रीको प्रयोगले कक्षाकोठा व्यवस्थापनमा कस्ता सकारात्मक प्रभाव पार्दछ ?

९. कक्षाकोठाको व्यवस्थापनप्रति अभिभावकहरुको भूमिका कस्तो रहनुपर्छ र किन ?

१० कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी सहभागिता एक महत्वपूर्ण पक्ष किन हुन सक्छ ?

११.कक्षाकोठाको उचित व्यवस्थापन नहुदा विद्यार्थीमा कस्तो नकारात्मक प्रभाव पर्दछ ?

१२.कक्षाकोठाको उचित व्यवस्थापनमा बाधा पुऱ्पयाउँने तत्वहरु के के हुन सक्छन् ?

१३.कक्षाकोठा व्यवस्थापनमा आर्थिक पक्षको कस्तो महत्व रहेको हुन्छ ? किन ।

१४.शिक्षक,अभिभावक र विद्यार्थी वीचको समन्वयले कक्षाकोठालाई कस्तो प्रभाव पार्दछ ?

१५ कक्षाकोठाको व्यवस्थापनमा देखापरेका समस्याहरुलाई सूचिवद्ध गरिदिनुहुन्छ कि ?

१६ कक्षाकोठा व्यवस्थापनको सवैभन्दा समस्याको रुपमा केलाई लिनुहुन्छ ?

१७ कक्षाकोठा व्यवस्थापनका समस्या उपर कस्ता रायहरु दिन चाहनुहुन्छ ?

१८. विद्यार्थीको शैक्षिक उपलव्धी कस्तो छ ? शैक्षिक उपलव्धी उच्च वनाउन के गर्नु पर्ला ?

१९ तपाईको विद्यालयको शिक्षक विद्यार्थी अनुपात कस्तो छ?

# अनुसूची- ६

## कक्षा अवलोकन फारम

विद्यालयः- कक्षाः-

शिक्षकको नामः- विषयः-
योग्यताः- घण्टीः-
तालिमः- मितिः-

१. भौतिक पक्ष उपयुक्त सूचकहरुलाई उल्लेख गर्ने

| क.सं. | विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठाको स्थिति | | | | |
| २ | कक्षाकोठाको साईज | | | | |
| ३ | विद्यार्थी रखाईको व्यावस्था | | | | |
| ४ | कोठामा प्रकाशको व्यवस्था | | | | |
| ५ | कोठामा हावा ⁄तापक्रम | | | | |
| ६ | कालोपाटिको निर्माण | | | | |
| ७ | कालोपाटिको रखाई | | | | |
| ८ | फर्निचर व्यवस्था | | | | |
| ९ | कक्षाकोठाको क्षमता (विद्यार्थी अनुसार) | | | | |
| १० | शैक्षिक सामाग्रीको स्तर | | | | |
| ११ | शै. सामाग्रीको रुपमा तस्वीरको प्रयोग | | | | |
| १२ | कक्षाकोठा सजावट (शैक्षिक रुपबाट ) | | | | |
| १३ | प्राविधिक **शै.** सामग्री (कम्प्युटर इन्टरनेट आदिको व्यवस्था | | | | |
| १४ | कक्षाकोठामा वाहिरी ध्वनिको प्रयोग | | | | |
| १५ | विद्यार्थी वस्ने सिटको व्यवस्था | | | | |

२. मानवीय पक्ष (विद्यार्थी सम्वन्धी )

उपयुक्त सूचकहरुलाई उल्लेख गर्ने

| क.स. | विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी सक्रियता | | | | |
| २ | विद्यार्थी सहयोगी भावना | | | | |
| ३ | कक्षामा समूह क्रियाकलाप | | | | |
| ४ | विद्यार्थी अनुशासन | | | | |
| ५ | रचनात्मक तथा सिर्जनात्मक कृयाकलाप | | | | |
| ६ | कोठा व्यवस्थापनमा समयको बाँडफाँड | | | | |
| ७ | कक्षा मनिटरको व्यवस्था | | | | |

३ मानवीय पक्ष ( शिक्षक सम्वन्धी )

उपयुक्त सूचकहरुलाई उल्लेख गर्ने

| क.स. | विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षक व्यक्तित्व | | | | |
| २ | कक्षाको प्रारम्भ | | | | |
| ३ | प्रस्तुतीकरण | | | | |
| ४ | पाठ अनुसार शिक्षण | | | | |
| ५ | शिक्षण विधि प्रयोग | | | | |
| ६ | मूल्यांङ्कन प्रक्रिया | | | | |
| ७ | प्रश्नहरुको उपयुक्तता | | | | |
| ८ | गृहकार्यको प्रयोग | | | | |
| ९ | पाठ्यक्रम निर्देशिका | | | | |
| १० | विशिष्टीकरण तालिकाको प्रयोग | | | | |
| ११ | शिक्षक निर्देशिका | | | | |
| १२ | अन्य सन्दर्भ सामग्रीहरुको प्रयोग | | | | |
| १३ | शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग | | | | |
| १४ | कालोपाटीको प्रयोग | | | | |
| १५ | सम्बन्धित उदाहरणहरु | | | | |
| | | | | | |

४. अन्य पक्ष

उपयुक्त सूचकहरुलाई  उल्लेख गर्ने


| क.सं | विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्र.अ.को रेखदेख | | | | |
| २ | कक्षाकोठा वाहिरको प्रदुषण | | | | |
| ३ | व्यवस्थापन समितिको कक्षा अनुगमन | | | | |
| ४ | वि.नि. तथा श्रोतव्यक्तिद्वारा गरेको सुपरीवेक्षण | | | | |
| ५ | पाठ्यान्तर क्रियाकलापको व्यवस्था | | | | |
| ६ | समावेशी/व्यवस्थापन (जाति,...भाषा, | | | | |
| ७ | फोहोरमैला व्यवस्थापन | | | | |
| ८ | पिउने पानीको प्रयोग | | | | |
| ९ | कक्षाकोठा वाहिरको वातावरणमा स्थनिय सहभागिता | | | | |
| १० | खेलमैदानको व्यवस्था | | | | |
| ११ | शौचालयको व्यवस्था | | | | |
| १२ | चैकिदारको व्यवस्था | | | | |

५. कक्षा कोठामा वसाई व्यवस्था


क. वृत्ताकार बसाई





ख. अर्धवृत्ताकार बसाई





ग. लहरे बसाई



घ. यू आकारको बसाई







# अनुसूची- ७

## कक्षाकोठा व्यवस्थापनको चालचलन रुजुसूची

उपयुक्त सूचकहरुलाई उल्लेख गर्ने

| क.सं. | कक्षाकोठा व्यवस्थापन/चालचलन | संधै | कहिलेकांही | कहिल्यै पनि |
|---|---|---|---|---|
| १ | कक्षा उपयुक्त समयमा शुरु भएको ? | | | |
| २ | पाठ रमाईलो वातावरण वा प्रश्नबाट शुरु भएको ? | | | |
| ३ | कक्षलाई संगठित,व्यवस्थित र तयारीको अवस्थामा राखिएको ? | | | |
| ४ | पाठको प्रकृति अनुसार शिक्षण विधिलाई वदल्ने व्यवस्था भएको ? | | | |
| ५ | पाठलाई विद्यार्थीको जीवनसंग सम्बन्धित गराईएको ? | | | |
| ६ | पाठकलाई पुनरावलोकन र समापन राम्रोसंग गरिएको ? | | | |
| ७ | विद्यार्थीले खराव व्यवहार गरेमा गाली गरिएको ? | | | |
| ८ | समूह सिकाईलाई प्रोत्साहन गरिएको ? | | | |
| ९ | शिक्षक शिक्षणप्रति सन्तुष्टि देखिएको ? | | | |
| १० | शिक्षकबाट विद्यार्थीलाई राम्रो व्यवहार भएको ? | | | |
| ११ | गृहकार्य दिने, प्रश्न सोध्ने शैक्षिक सामाग्री प्रयोग गर्ने क्रियाकलाप उपयुक्त भएको ? | | | |
| १२ | विभिन्न तरिकाबाट विद्यार्थीलाई प्रेरणा प्रदान गरिएको ? | | | |